# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७८

## घोडाघोडी नगरपालिका
## कैलाली




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यवसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**

**बबरमहल, काठमाडौं, नेपाल**
Babar Mahal, Kathmandu, Nepal
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
**(लुम्बीनी, कर्णाली र सुदूरपश्चिम प्रदेश)**

प.सः २०७८।७९
च.नः९२ मितिः २०७८।५।४

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू,
घोडाघोडी नगरपालिका, कैलाली

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २० (३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

..............................
नारायण एम.सी.
( नायव महालेखापरीक्षक)

***बोधार्थः***
**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,**
**सिंहदरवार, काठमाडौं** — प्रतिवेदन संलग्न छ ।

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का ब्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछर्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय ब्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

२०७८ भाद्र ४ गते

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
**(लुम्वीनी, कर्णाली तथा सुदूरपश्चिम प्रदेश)**


पत्र संख्याः२०७८/७९
च.नं.:९३ मितिः२०७८।५।४

श्री नगरप्रमूखज्यू,
घोडाघोडी नगरपालिका,
कैलाली ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले **घोडाघोडी नगरपालिका**को आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. **लेखापरीक्षणबाट रु.१८ करोड ९ लाख ९४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१ करोड २४ लाख ६५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड ४८ लाख ९६ हजार नियमित गर्नुपर्ने रु.१ करोड ७५ लाख ५३ हजार र पेश्की बाँकी रु.१३ करोड ६० लाख ८० हजार रहेको छ ।**

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१०।०८ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना **५५ (पच्पन्न)** यसैसाथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकी नहुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले

काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीयविवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका,नगर प्रमूख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीयविवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्मप्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

......................

(नारायण एम.सी.)

नायब महालेखापरीक्षक

**घोडाघोडी नगरपालिका**

**लेखापरीक्षण प्रतिवेदन**

**२०७६/७७**

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १२ वडा, ६५ सभा सदस्य, ३५४.४४ वर्ग किलोमिटर क्षेत्रफल तथा ८६ हजार ६७९ जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चित कोष :** आर्थिक वर्ष २०७६।०७७ को स्थानीय सञ्चित कोष आय व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | १४४७७३०२२।६७ | १ | **चालु खर्च** | | ३९८२७३४९०।९२ |
| | क) नगद | ० | | २ | **पूँजीगत खर्च** | | २६२६६९६७२।१६ |
| | ख) बैंक | १४४७७३०२२।६७ | | ३ | **वित्तिय व्यवस्था भुक्तानी** | | ० |
| २ | **राजस्व ( आन्तरिक आय)** | | १६५२१३५३५।७१ | | क) ऋण भुक्तानी | ० | |
| | क) आन्तरिक राजस्व | ४१०७४१३१।२४ | | | ख) ब्याज भुक्तानी | ० | |
| | ख) राजस्व बाँडफाँड | ९९८६८३००।८६ | | | ग) अन्य भुक्तानी | ० | |
| | ग) राजस्व बाँडफाँड खातामा रहेका बाँकी | २४२७११०३।६१ | | ४ | **लगानी** | | ० |
| | घ) अन्य आय | ० | | | | | |
| ३ | **वित्तिय हस्तान्तरण संघ** | | ५२४९१६००० | | ऋण लगानी | ० | |
| | क) वित्तिय समानीकरण अनुदान | १९०५००००० | | | शेयर लगानी | ० | |
| | ख) सशर्त अनुदान | ३३४४१६००० | | | अन्य लगानी | ० | |
| | ग) समपूरक अनुदान | ० | | ५ | **धरौटी फिर्ता** | | ३७७६५९७।८६ |
| | घ) विशेष अनुदान | ० | | ६ | **जनश्रमदान फिर्ता** | | ० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ४३७५९००० | ७ | **कोष फिर्ता/खर्च** | | २२५१२५०७।९७ |
| | क) वित्तिय समानीकरण अनुदान | ८११५००० | | ८ | **मौज्दात** | | १७८९२७०८९।३० |
| | ख) सशर्त अनुदान | १७३११००० | | | क) बैंक मौज्दात | | |
| | | | | | अ) संचितकोष खाता | ११५६२९४०१.२ | |
| | ग) समपुरक अनुदान | १२९३३००० | | | आ) बाँटफाँट रा.खा. | २४२७११०३.६१ | |
| | घ) विशेष अनुदान | ५४००००० | | | इ) चालु खाता | १००२७१५७.३१ | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | इ) पुँजीगत खाता | २८९९९४२७.१८ | |
| ६ | **अन्य** | | | ९ | **शसर्त अनुदान फिर्ता** | | ३८७९१३०६ |
| | क) क्षेत्रीय शहरी विकास योजना | | | १० | **गत बर्षको बढी अल्या** | | ० |
| | ख) सडक बोर्ड नेपाल | | | ११ | **जनश्रमदान मौज्दात** | | ० |
| | ग) पर्यटन बोर्ड नेपाल | | | १२ | **धरौट मौज्दात** | | ५०७२७०१।०२ |
| | घ) एन एन एस डब्लु ए | | | १३ | **कोष खाताको मौज्दात** | | ९३६७३३२।३४ |
| ७ | **विभिन्न कोषतर्फको आय** | | ३१८७९८४०।३१ | | | | |
| | **जि.स.स. कार्यक्रम** | १३३२१३५२।३१ | | | | | |
| | **प्रकोप व्यस्थापन कोष** | १५५०८४९८ | | | | | |
| | **आकस्मिक कोष खाता** | ४९९९०।०० | | | | | |
| | **विभाज्य कोष खाता** | ३०००००० | | | | | |
| १० | **धरौटी आय** | | ८८४९२९८।८८ | | | | |
| | **जम्मा** | | ९१९३९०६९७।५७ | | **जम्मा** | | ९१९३९०६९७।५७ |

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>वित्तीय विवरण विश्लेषण</td><td></td></tr>
<tr><td>१.</td><td>वित्तीय विवरण – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् ।<br><br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु.६१३०३१.८५ ले फरक देखिएको छ ।<br>• कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैंक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैंक मैज्दात ऋणत्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणत्मक नरहेको ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने गरेको पाईएन ।<br><br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२.</td><td>जिम्मेवारी फरक परेको – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदन अनुसार गतवर्षको अन्त्यमा रु.१४४७३५०८७.६७ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.१४४७७३०२२।६७ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.३७९३५.०० घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.</td><td>३७९३५.००</td></tr>
<tr><td>३.</td><td>बैक हिसाब मिलान नगरेको – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्दछ ।<br><br><table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>फरक</th></tr>
<tr><td>१.</td><td>चालु खर्च खाता विजोर वर्ष</td><td>१००२७</td><td>३८६</td><td>९६४१</td></tr>
<tr><td>२.</td><td>पुजीगत खर्च खाता विजोर वर्ष</td><td>२८९९९</td><td>२३९६१</td><td>५०३८</td></tr>
<tr><td>३.</td><td>विविध खर्च खाता</td><td>५१३१</td><td>६६७२</td><td>(१५४१)</td></tr>
<tr><td>४.</td><td>स्थानीय तह धरौटी खाता</td><td>५०७३</td><td>४००९</td><td>१०६३</td></tr>
<tr><td>५.</td><td>स्थानीय तह संचितकोष खाता</td><td>११५६२९</td><td>२२२६२९</td><td>(१०७०००)</td></tr>
<tr><td>६.</td><td>प्रकोप व्यवस्थापन कोष खाता</td><td>११८६</td><td>१९७७</td><td>(६१३)</td></tr>
</table></td><td></td></tr>
</table>

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br>• वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५. | **बरबुझारथ** : मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| | • **बजेट तथा कार्यक्रम** | |
| ७. | **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री प्रेम कुमारी थापाले मिति २०७६।३।१० गते रु.७४ करोड ८९ लाख ०६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।४।८ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ८. | **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु.२ करोड ७६ लाख ९० हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको निर्णयबाट चालु र पुँजिगत शिर्षकमा बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ९. | **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| १०. | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ११. | **गत बर्षको दायित्व -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७५।७६ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु.७०४४०। भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणीत गराएको आधारमा यो बर्ष भुक्तानी गरेको देखिन्छ । २०७६।७७ को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नहुने व्यबस्था मिलाउनु पर्दछ । | |
| १२. | **चौमासिक खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| क्र.सं. | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | |
|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक |
| १ | चालु खर्चतर्फ | ६२७२६ | १३७०७७ | २०४५७३ | २८५६१५ |
| २ | पूँजिगत खर्चतर्फ | २७३५८ | ३६३०० | ४५९७९ | १९१३०६ |
| | **जम्मा** | **९००८५** | **१७३३७७** | **२५०५५२** | ४७६९२१ |
| | **प्रतिशत** | ८०.९१ | **१९.२५** | **२७.८१** | **५२.९४** |

| | | |
|---|---|---|
| | नगरपालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.९०,०८,५१,०७२.०५ निकासा भएकोमा प्रथम चौमासिकमा रु.१७,३३,७७,८२०.७० अर्थात १९.२५ प्रतिशत, दोश्रो चौमासिकमा रु.२५,०५,५१,९२०.२५ अर्थात २७.८१ प्रतिशत र तेश्रो चौमासिकमा रु.४७,६९,२१,३३१.१०, अर्थात ५२.९४ प्रतिशत खर्च गरेको देखिएको छ । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । | |
| १३. | **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क.स | क्षेत्र | बजेट र रु.हजारमा | खर्च रु.हजारमा | खर्च प्रतिशत जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ७७८३३ | ८२३५९ | ८.४२ |
| २ | पूर्वाधार विकास | ३००९९१ | २३६५८८ | २४.१८ |
| ३ | सामाजिक विकास | ५९०५९७ | ५४१२४५ | ५५.३२ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १३२५६ | १०२८७ | १.०५ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १३०७२६ | १०७९६३ | ११.०३ |
| | **जम्मा** | **१११३४०३** | **९७८४४२** | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी सामाजिक विकास ५५.३२ प्रतिशत र घटी संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा १.०५ प्रतिशत रहेको छ ।

१४. **बिनियोजनभन्दा वढी खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा कार्यपालिकाबाट स्वीकृत गराई असार १० भित्र सभामा पेश गर्नुपर्ने, आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाउनुपर्ने उल्लेख छ । साथै आर्थिक कार्यविधि नियमावली, २०६४ मा सीमा नाघी खर्च गर्न नहुने उल्लेख छ । तर यस पालिकाले देहायब अनुसारको शिर्षकमा विनियोजन गरेभन्दा रु.४ लाख २४ हजार बढी खर्च गरेको छ । निर्धारित बजेटको सिमा नाघि खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | शीर्षक | विनियोजित रकम | खर्च भएको रकम | बढी खर्च भएको रकम |
|---|---|---|---|---|
| १ | ३११३५ | ८८५००० | १२९७२४० | ४१२२४० |
| २ | २७२१३ | ० | १२२१३ | १२२१३ |

१५. **खर्च बिश्लेषणः** नगरपालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.४१०७४१३१.२४ राजस्व बाँडफाँड र अनुदानबाट रु.६८८८१४४०३.६१ समेत रु.७३३८८८५३५.०० आम्दानी भएकोमा चालु तर्फ रु.३९८२७३४९०.९२ र पूँजिगत तर्फ रु.२६२६६९६७२.१६ समेत रु.६६०९४३१६३.०८ .खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ६.२१ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.१५५३६५००.०० खर्च भएको छ जुन आन्तरिक आयको ३७.८३ प्रतिशत रहेको छ । नगरपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५४.२७ प्रतिशत चालु र ३५.७९ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

१६. **लक्ष्य प्रगति :** कार्यालयको चौमासिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरियका १२८३ योजनाको नियम बमोजिमको उल्लिखत ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कार्यकारी, प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिती | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| **मुल कार्यक्रम संख्या** | २३ | ४ | ३ | ३ | १८ |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| रकम | २१०००००० | ४६४००० | १४८४२६२ | ६८२७७५४ | ४७२२५२ |
| मुल कार्यक्रम संख्या | ५ | | | | ५ |
| सहायक कार्यक्रम संख्या | ११ | ४ | २ | १ | ४ |
| रकम | ४६४५००० | १२६००० | २५४००० | १२५००० | ४१४०००० |
| स्वास्थ्य शाखा | | | | | |
| मुल कार्यक्रम संख्या | ३६ | १७ | ३ | ८ | ७२ |
| सहायक कार्यक्रम संख्या | ३३ | ३० | ० | ० | ७० |

**संगठन तथा कर्मचारी ब्यवस्थापन**

१७. **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७२ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ३५ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ३७ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१८. **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न १४ पदमा ५९ जना कर्मचारीहरु करारमा राखि रु.१४८५३१५०।०० खर्च लेखेको छ । पालीकालाइ अस्थायी दरबन्दी सृजना गरी अनावश्यक ब्यभार पार्ने कार्य नियन्त्रण हुनु पर्दछ ।

१९. **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई मात्र खाजा र खाना वापतको रकम भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष रु.१८०००००।- प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएकोले यस्ता खर्च नियन्त्रण हुनु पर्दछ ।

२०. **तलबी प्रतिबेदनः-** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७ बमोजिम स्थानीय तहअन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले पालिका अन्तरर्गतका स्वास्थ्य तर्फका केही कर्मचारीको तलबी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तलवी प्रतिबेदन पारित

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| २१. | **तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| २२. | **वडा सचिवको पदपूर्ति :** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । वडा सचिवको रिक्त दरबन्दी अनुसारको पदपूर्ति व्यवस्था मिलाउनु पर्दछ । | |
| २३. | **सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १६ वटा ऐन, २ वटा नियमावली र ३६ बटा कार्यबिधि/निर्देशिका स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| १२ | १२ | १० | २ |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ५७ |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | २६९५ |
| मृत्युदर्ता | ३२३ |
| बसाईसराई दर्ता | १२७७ |
| विवाह दर्ता | ७१७ |
| सम्बन्धविच्छेद दर्ता | ७ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ३.१६ |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ३६.९३ |
| ग्राभेल सडक मर्मत | ० |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन । पालिकाबाट प्रदान गर्न सेवा प्रबाहको सुनिश्चितता हुनु पर्दछ ।

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २४. | **योजना छनौट र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७५/७६ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् । | |

| क्षेत्र | रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|---|
| पालिका | २१ | ४६ | १२५ | ४० | ४९ | २८१ |
| स्वास्थ्य | १२ | ११ | ८ | ० | २ | ३३ |
| शिक्षा | १४ | २ | १० | ०४ | ०८ | ३८ |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.४१७१३ देखि रु.२ करोड २० लाख सम्मका जम्मा ३५२ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ४७ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभवी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ । | |
| | • **कानून निर्माण एवं कार्यान्वियन** | |
| २५. | **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १६ वटा ऐन, २वटा नियमावली, ३६ कार्यविधि/निर्देशिका लगायत ५४ जटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएकोछ। साथै पालिकाले ५४ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ । | |
| २६. | **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १५ र यो बर्ष थप भएको १२ गरी कुल २७ विवाद दर्ता भएकोमा ५ वटा मात्र फछ्र्यौट भई २२ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| २७. | **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर नगरपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| २८. | **आन्तरिक लेखापरीक्षण शाखा** : प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| | • **पदाधिकारी सुविधा** | |
| २९. | **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.१५५३६५०० सुविधा वापत भुक्तानी भएको छ । | |

| सि.नं | विवरण | नगर प्रमुख | नगर उपप्रमुख | वडाअध्यक्ष १२ जना | कार्यपालिका सदस्य ८ जना | सभाका सदस्य ४२ जना |
|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | २४००० | २४००० | २८८००० | १९२००० | ५०४००० |
| २ | यातायात खर्च | ० | १२०००० | ० | ९६००० | २५२००० |
| ३ | टेलिफोन,मोबाइल | ८४००० | ७२००० | ५७६००० | ३३६००० | १००८००० |
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | ७८००० | ६०००० | ५७६००० | ३३६००० | १२६०००० |
| ५ | समन्वय तथा सहजीकरण | १२०००० | १०८००० | ९३६००० | ५७६००० | २०१६००० |
| ६ | अतिथि सत्कार | १३२००० | १२०००० | ११५२००० | ० | ० |
| ७ | खानेपानी/बिजुली/ सरसफाई | ४८००० | ४२००० | ३६०००० | २४०००० | ५०४००० |
| ८ | चाडपर्व खर्च | २७५०० | २५००० | २१६००० | ८०००० | ३३६००० |
| | **जम्मा** | **५१३५००** | **५७१०००** | **६६९६०००** | **१८७६०००** | **५८८००००** |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३०. | **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.५५३७२१२.०० खर्च गरेको छ । प्रयोजन नतोकिएका यस्ता खर्च नियन्त्रण हुनु पर्दछ । | |
| ३१. | **आर्थिक सहायताः**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.२११६०००.०० आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| | • **अनुदान फिर्ता, वितरण र उपयोग** | |
| ३२. | **अनुदान फिर्ता —** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेको देहायबमोजिमको रकम फिर्ता गरेको छ । | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम |
|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | ३३४४१६००० | २९५६२४६९४ | ३८७९१३०६ |
| **प्रदेश सरकार** | शसर्त | १७३११००० | १६८६५६८५ | ४४५३१५ |
| | विषेश | ५४०००० | ३५३६०५९ | १८६३९४१ |
| **जम्मा** | | २२७११००० | २०४०१७७४ | २३०९२५७ |

३३. **अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा खर्च लेखेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

३४. **नाफामूलक संस्थालाई अनुदान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका १९ नाफामूलक संस्थाको कार्यालय व्यवस्थापन खर्चमा लागि रु.२१००००० अनुदान उपलब्ध गराएका छन् ।तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित छैन ।

| सि.नं. | संस्थाको नाम | प्रयोजन/कार्यक्रम | रकम |
|---|---|---|---|
| १. | जे जे बाखा फर्म | एक वडा एक पशु फर्म | २००००० |
| २. | शान्ति ऐडीबाखा फर्म | एक वडा एक पशु फर्म | २००००० |
| ३. | घोडाघोडी एग्रो फर्म | एक वडा एक पशु फर्म | २००००० |
| ४. | यमन बाखा फर्म | एक वडा एक पशु फर्म | २००००० |
| ५. | गोवर्द्धन पशु पालन तथा नया कृषि फर्म | एक वडा एक पशु फर्म | २००००० |
| ६. | आशिका बगुर फर्म | ब्यबसायीक पशु फर्म प्रबदन | १००००० |
| ७. | इम्मनुयल कृषि बगुर फर्म | ब्यबसायीक पशु फर्म प्रबदन | १००००० |
| ८. | मैना पोखरी बाखा फर्म | ब्यबसायीक पशु फर्म प्रबदन | १००००० |
| ९. | मनिष बाखा फर्म | ब्यबसायीक पशु फर्म प्रबदन | १००००० |
| १०. | सिता कुण्ड बाखा फर्म | ब्यबसायीक पशु फर्म प्रबदन | १००००० |
| ११. | ग्रामीण कृषक बहुउशेय सहकारी संथा | ब्यबसायीक पशु फर्म प्रबदन | १००००० |
| १२. | नाबरिशी गाई भैसी फर्म | ब्यबसायीक पशु फर्म प्रबदन | १००००० |
| १३. | ७ वटा स्वास्थ्य चौकीलाई | संचालन तथा कार्य सञ्चालन | ४००००० |
| **जम्मा** | | | **२१०००००** |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

३५. **महोत्सव तथा अन्य खर्च** - स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | वर्षमा उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु.३ लाख खर्च गरेको छ । अनुत्पादक यस्ता खर्च नियन्त्रण हुनु पर्दछ । | |
| ३६. | **बार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.६२६६९६७२।१६ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| ३७. | **सवारीसाधन खरिद** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनिएकोमा केन्द्रीय सरकारको वित्तिय समानिकरण अनुदानको मौज्दात रकमबाट भुक्तानी दिन मिल्ने देखिदैन । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पांग्रे मोटरसाईकल खरिदमा रु.४९१८००, तथा २ थान चार पांग्रे एम्बुलेन्स खरिदमा रु.२००२६९८ को समेत रु.२४९४४९८ खर्च गरेका छन् । | |
| | • **कर दस्तुर एवं आन्तरिक आय** | |
| ३८. | **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय/व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.४ करोड ७८ लाख ५ हजार आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु.४ करोड १० लाख ७४ हजार अर्थात अनुमान भन्दा १४.०८ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| ३९. | **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ । | |

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २९०३६८३०० | ४१०७४१३१.२४ | १४.१५ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>आयको हिस्सा १४.१५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>४०.</td><td>

**कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा **५५**, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | १२०००००० | ४३१३९११.२२ | ३५.९५ |
| घरजग्गा वहाल कर | १००००००.०० | ९१२४२२.६८ | ९१.२४ |
| व्यवसाय कर | १००००० | १२२७२४०.०० | १२२७.२४ |
| वहाल विरौटी शुल्क | ८०००००० | ९९५०४१.०० | १२.४४ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

</td><td></td></tr>
<tr><td>४१.</td><td>

**स्थानीय तहरूको विभाज्य कोष -** प्रदेशहरुको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा विज्ञापन कर बाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व वाँडफाँड गर्नुपर्नेमा नगरेको पाइएकोले निम्नानुसारको रकम सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्ने रु.

| आय शीर्षक | संकलित रकम | प्रदेशलाई पठाउनु पर्ने प्रतिशत | पठाएको रकम | पठाउन बाँकी रकम |
|---|---|---|---|---|
| विज्ञापन कर | ५०००० | २००००.०० | ० | २००००.०० |

</td><td>२००००.००</td></tr>
<tr><td>४२.</td><td>

**गिट्टी, ढुंगा, बालुवाको करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा १, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी प्रदेशले लागु गरेको कानुन अनुसार बाँडफाँड हुने गरेको देखिन्छ । तर उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरुले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने गरी सो करमा स्थानीय तहहरुको एकल अधिकार कायम गरेको तर सो अनुरुप प्रदेशहरुले तर्जुमा गरेका कानूनहरु संशोधन गर्नु पर्नेमा नगरेको कारण सो करको बाँडफाँडमा अस्पष्टता देखिएको अवस्थामा उक्त दफा ६२(क) विपरित हुने गरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी थप अस्पष्टता सृजना गरेको अवस्था देखियो । स्पष्ट कानूनी व्यवस्था गरी सो करको संकलन तथा बाँडफाँड गर्नुपर्दछ ।

</td><td></td></tr>
<tr><td>४३.</td><td>

**राजश्व अभिलेख :** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सबै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व

</td><td></td></tr>
</table>

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो । | |
| ४४. | **राजश्व दाखिला :** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत १२ वटा वडा पालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैंक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैंकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| ४५. | **सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा पालिकाले कुनै पनि शुल्क संकलान नगरेकोले हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभावकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| ४६. | **मनोरञ्जन कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७६।७७ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | |
| ४७. | **व्यवसाय कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१२२७२४०.०० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छ्रन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ४८. | **मु.अ.कर दाखिला नगरेकोः-** नदीजन्य पदार्थको रोयल्टी वापतको प्रति घन मी. रु.७५ मा नबढ्ने गरी सम्झौता अनुसार रोयल्टी उठाउने रेखा निर्माण सेवा संग ठेक्का सम्झौता रु.१४७०००००।(मू.अ.कर बाहेक) भएको देखिन्छ । ठेकेदारले मू.अ.कर वापत १३ प्रतिशत हुने रकम आन्तरिक राजश्व कार्यालयमा वुझाई सोको प्रमाण नगरपालिकामा पेश गर्नुपर्नेमा दाखिला गरेको प्रमाण पेश भएन । अतः ठेक्का अंक रु.१४७०००००। को १३ प्रतिशत ले हुने मु.अ.कर रु.१९११०००। आन्तरिक राजश्व कार्यालयमा | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | दाखिला भएकव प्रमाण पेश हुनु पर्ने रु. | १९११०००.०० |
| | • **आयकर एवं मू.अ.कर** | |
| ४९. | **पारीश्रमिक करः-** आयकर ऐन, २०५८ को दफा ३ अनुसार प्राकृतिक व्यक्तिलाई प्रत्येक आर्थिक वर्षमा कर लगाइ असुल गर्ने व्यवस्था छ । त्यस्तै ऐनको अनुसूची १ बमोजिम करको दर निर्धारण गरी कर कट्टी गरी पारीश्रमिक भुक्तानी गर्नुपर्नेमा कार्यालयले देहायका कर्मचारीको रु.१६७४२१ कर कट्टी नगरेकोले कर असूल गरी दाखिला गर्नुपर्ने रु. | १६७४२१.०० |

| सि.नं. | पद | नाम | करयोग्य आय | तिर्नुपर्ने कर |
|---|---|---|---|---|
| १. | ज.स्वा.अ. | श्री कैलास कुमार रावत | ५४२५९९ | ९२६० |
| २. | सि.अ.हे.व. छैठौ | श्री खेम राज भाट | ६४२०१७ | २८४०३ |
| ३. | सि.अ.हे.व. छैठौ | राम प्रसाद चौधरी | ६४२०१७ | २८४०३ |
| ४. | सि.अ.हे.व. छैठौ | वेद वहादुर चौधरी | ६४२०१७ | २८४०३ |
| ५. | सि.अ.हे.व. छैठौ | लक्ष्मण वहादुर साउद | ६४२०१७ | २८४०३ |
| ६. | सि.अ.हे.व. छैठौ | जगदिस कुश्मी | ६१३९५५ | २२७९१ |
| ७. | सि.अ.हे.व. छैठौ | मिन वहादुर धामी | ५०५६२३ | ५५६२ |
| ८. | सि.अ.हे.व. छैठौ | कमलादेवी सापकोटा | ५३३६८५ | ८३६९ |
| ९. | सि.अ.हे.व. छैठौ | राधा कुँवर | ५००३९४ | ५०४० |
| १०. | रोजगार संयोजक | | ४७७८७० | २७८७ |
| | **जम्मा** | | | **१६७४२१** |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५०. | **मूल्य अभिवृद्धि कर कट्टी** - आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु.२५७५४३.३४ कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु. | २५७५४३.३४ |

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम | मुअकर कर रकम | ५० प्रतिशत रकम |
|---|---|---|---|---|---|
| | | सशर्त पूँजीगत | | | |
| **३१/०७७/३/२५** | कालिजेल निर्माण सेवा | ६०३९८५८६५ | १०९३२५७.४६ | १२५७७२.९८ | ६०८८६.४९ |
| ३२/०७७/३/२५ | रामारोशन निर्माण सेवा | ६०४०६९३२० | १०९९५०५.२३ | १२६४९१.७५ | ६३२४५.८८ |
| ३३/०७७/३/२५ | जय श्री बाराही अजिमा ट्रेड एण्ड सप्लायर्स | **३०२५३४८६३** | २३१९२११.३९ | २६६८२१.९३ | १३३४१०.९७ |
| | **जम्मा** | | | | **२५७५४३.३४** |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५१. | **नन्फाइलर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.३९८९६७.५ समेत रु.३४६७९४८.३२ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन नभएको प्रमाण पेश हुनुपर्ने रु. | ३९८९६७.५ |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम (मुअकर करलागने) | मुअकर कर रकम | नन्फाइलर रहेको मिति |
|---|---|---|---|---|---|
| २७/०७७/३/२५ संघ सशर्त | सौर्य दिप इनर्जि प्रा.लि. | ६००१९७५२० | १०५२७०० | १३६८५१ | २०७६ फागुन देखि |
| २३/०७७/३/२४ | सौर्य दिप इनर्जि प्रा.लि. | ६००१९७५२० | ६५३७९०.४१ | ८४९९२.७५ | २०७६ फागुन देखि |
| २९/०७७/३/२५ प्रदेश पूँजीगत | सौर्य दिप इनर्जि प्रा.लि. | ६००१९७५२० | ६५३७९०.४१ | ८४९९२.७५ | २०७६ फागुन देखि |
| ४७०/०७७/३/२७ न.पा पूँजीगत | राजाराम विल्डर्स प्रा.लि. | ६०५९८८५२९ | ७०८७००.०० | ९२१३१.०० | २०७५ चैत्र देखि |
| | | **जम्मा** | **३०६८९८०.८२** | **३९८९६७.५** | |

- **उपभोक्ता समिति मार्फत कार्य**

५२. **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नम्र्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नम्र्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

५३. **लागत सहभागिता** – पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

५४. **उपभोक्ताद्वारा ट्रान्सफर्मर जडानः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) मा उपभोक्ताबाट संचालित हुने निर्माण कार्यमा प्राविधिकको सिफारिसमा सार्वजनिक निकायको सहमतिमा मात्र हेभि मेशिन प्रयोग गर्न पाईने व्यवस्था रहेको छ । कार्यालयबाट उपभोक्ता समितिमार्फत ट्रान्सफर्मर जडानको कार्य संचालन गरि देहायका उपभोक्तालाई भुक्तानी गरेको छ । कार्यालयले हेभि मेशिन प्रयोगको सहमति दिएको छैन । प्राविधिक र विशेषज्ञ दक्षता चाहिने ट्रन्सफर्मर जडान जस्तो जटिल संरचना उपभोक्ता मार्फत निर्माण गर्दा मापदण्ड एवम् गुणस्तर कायम नहुने देखिन्छ । उपभोक्ताले सो काम नगरपालिका बसेको भवनमा चिया पसल गर्ने पसलेबाट गराएको, सो पसले पनि यस्तो कार्यमा कुनै प्राविधिक दक्षता नभएकोबाट काम गराएको देखियो ।यस्ता कार्यहरु सवलेटमा ठेकेदार मार्फत कार्यान्वयन

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गराएको समेत देखिएकोले यस्ता जटिल निर्माणका कार्य प्रतिस्पर्धात्मक विधिबाट छनौट गरिएको निर्माण व्यवसायीद्वारा गराउनु पर्दछ । | |

| गो.भौ.नं./मिति | उपभोक्ताको नाम | कामको विवरण | रकम |
|---|---|---|---|
| ३१/०७७/३/२५ | सुन्दर जल उ.स. | डिप वोरिङ्ग तथा ट्रन्सफर्मर जडान | २३९८९६०.०० |
| ३०/०७७/३०२५ | शिव गंगा जल उ.स. | डिप वोरिङ्ग तथा ट्रन्सफर्मर जडान | २१९८१९७.०० |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५५. | **सव कन्ट्याक्टरबाट काम गराएको -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन नसकिने तथा उपनियम(१३क) उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने उल्लेख छ । देहायका उपभोक्ता समितिले निर्माण काम आफै गर्ने गरी सम्झौता गरेकोमा उपभोक्ता समितिसँग पूँजी व्यवस्थापन गर्न नसक्ने, प्राविधिक जनशक्ति नहुने, व्यवस्थापकीय क्षमता समेत नहुदाँ निर्माणका कार्यहरु उपभोक्ताद्धारा सम्पन्न गर्ने अवस्था देखिदैन । जसका कारण सम्झौताद्धारा लिएको निर्माण कार्य देहायका निर्माण व्यावसायीबाट गराएको देखियो ।नियमावलीमा भएको व्यवस्था विपरित काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिस कर्ता एवं अनुगमन कर्तालाई यस सम्बन्धमा जिम्मेवार वनाउनु पर्दछ । | |

| गो.भौ.नं./मिति | उपभोक्ताको नाम | कार्य सम्मपन्न | भुक्तानी रकम | निर्माण व्यवसायीको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| प्रदेश सरकार ३६/०७७/३/२५ | घोडाघोडी विचफाँटा जानेबाटोमा माटो पटानी र ग्राभेल-४ उ.स. | १४३३४९८.४७ | ११५२६६२.०० | न्यू कुमारी कन्स्टक्सन ६०५१९४३१७ | १२०००६०.०० |
| ५/०७७/३/२५ | वडा नं.९ को उत्तर पूर्व मगर टोलमा खानेपानी निर्माण उ.स. | २२१३८५२.२१ | १७९५८०९.५४ | एच.एम.एग्रिकल्चर एण्ड वोरवेल कम्पनी प्रा.लि.६०४३३२४४८ | १७४६९८०.०० |
| न.पा.पूँजीगत ४७०/०७७/३/२७ | कमल ढकालको घरदेखि सिरानगर नदी सम्म बाटो ग्राभेल उ.स. | १०००८५०.५३ | ७९९५६७.०० | राजाराम विल्डर्स प्रा.लि.६०५९८८५२९ | ८००८३१.०० |
| स्थानीय पुर्वाधार १७/०७७/३/२१ | वाल ज्योति विद्यालय देखि एक्ले साहुको घर हुदै प्रेम बुढाको घरसम्म जरही सडक ग्राभेल उ.स. | २४१९४६०.७१ | १९६६३३८.०० | अमर एण्ड तेज कन्स्टक्सन प्रा.लि.६०६७२८५३१ | १२७५७७०.०० |
| १८/०७७/३/२१ | करेचा देखि लोखरी जाने | ११६२३५५.४२ | ९४४५७९.०० | अमर एण्ड तेज कन्स्टक्सन | ५५३७००.०० |

| दफा | भौ.नं, मिति र ब्यहोरा | | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|---|
| | | बाटो सडक ग्राभेल उ.स. | | | प्रा.लि.६०६७२८५३१ | | |
| | २६/०७७/३/२५ | पहलमानपुर लाल वोझी सडक अन्तरगत शिवपुर देखि कोटा गाँउ सम्म सडक स्तरोन्नति उ.स. | ५६८९०७३.७० | ४५५१२५८.०० | प्रेम बिल्डर्स प्रा.लि.६०३३४२१८१ | १०३६४७५.५५ | |
| | | | | | यू.एम.कन्स्टक्सन६०४१२८९५५ | ३३९०००.०० | |
| | | | | | रामारोशन निर्माण सेवा ६०४०६९३२० | १५०४०७५.०० | |
| | २५/०७७/३/२४ | वर पिपल चौचारी तथा सार्वजनिक स्थल नि.उ.स. | ५०७०३७.६० | ३९९९५१.०० | न्यू कुमारी कन्स्टक्सन ६०५१९४३१७ | ३२९३९५.०० | |
| | सशर्त पूँजीगत २२/०७७/३/२३ | लठैया प्रेमलाल चौधरीको घरदेखि तिनकुने सम्म माटो पटानी तथा ग्राभेल नि.उ.स. | १३३७४०४.३७ | १०६८०५१.१५ | पृथ्वी मिलन कन्स्टक्सन एण्ड सप्लायर्स प्रा.लि.६०६८५१६२२ | ४११०००.०० | |
| | | | | | बौखडा कन्स्टक्सन प्रा.लि.६०६८३९५१४ | ३८४२९९.९१ | |
| | | | | | रामारोशन निर्माण सेवा ६०४०६९३२० | १०१७००.०० | |
| | २९३-२०७७।२।५ | माछापोखरी टोलमा माटो पटानी ग्राभेल | - | ३११३९४ | प्रेम बिल्डर्स प्रा.ली. | ३११३९४ | |
| | २९४-२०७७।२।५ | गणेशपुर बाटो निर्माण तथा ग्राभेल | - | ४९७९८६ | प्रेम बिल्डर्स प्रा.ली. | ४९७९८६ | |
| | ३११-२०७७।२।१४ | घुम्री मकल थारु चोक देखि समसति घाट सम्म ग्राभेल | - | ७००००० | जे.वि. निर्माण सेवा | ७००००० | |
| | ३२२-२०७७।२।२१ | कालीकोट टोल जाने बाटो ग्राभेल | - | २५०००० | प्रेम बिल्डर्स प्रा.ली. | २५०००० | |
| | ३२६-२०७७।२।२८ | राजमार्ग देखि खल्ला हुँदै तल्सीपुर सम्म माटो पटानी, ग्राभेल | - | ३६४०९० | रेखा मष्टादेव निर्माण सेवा | ३६४०९० | |
| | ४२३-२०७७।३।२३ | वार्ड न. १० बाट मर्मत, ग्राभेल माटो पटानी | - | ५७५००० | वौरवहा कन्ष्ट्क्सन प्रा.ली. रेखा निर्माण सेवा | ५७५००० | |
| | ४८२-२०७७।३।२८ | जनकपुरमा बाटो ग्राभेल कार्य | - | १५०००० | जे.के. निर्माण सेवा | १५०००० | |
| | ४०५-२०७७।३।१८ | कुमाल टोल वुगुलिया गणेश मटा जाने ग्राभेल | - | ७८५८६१ | प्रेम बिल्डर्स, रेखा निर्माण सेवा | ७८५८६१ | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | जम्मा \| १२६७८२१५.६९ \| \| ९६८३२८६.४६ | |
| ५६. | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन नसकिने व्यवस्था उल्लेख छ । पालिकाले जन ज्योति मावि सुखडको भवन निर्माणका लागि कुल लागत अनुमान रु.४५१०३५६.५३ गरी विद्यालय व्यवस्थापन समिति मार्फत रु.४५०४५७०.५९ को काम सम्पन्न गरी उपभोक्ताको श्रमदान कट्टा गरी रु.४२७४५६१.२२ भुक्तानी दिएको देखियो ।उपभोक्ताले पेश गरेको विल भर्पाइ तथा कागजात परीक्षण गर्दा विद्यालय व्यवस्थापन समितिको मिति २०७६/८/११ को निर्णयबाट ज्याला स्वरुप लागत अनुमानको सम्पूर्ण काममा प्रति वर्ग फिट रु.२७० का दरले काम गर्ने गरी निर्माण व्यवसायी बम बहादुर सुवेदीसँग सम्झौता गरेको देखियो ।अन्तिम नापी अनुसार रु.९६३१५४/०० बरावरको लेवर खर्च लाग्ने दर विश्लेषण अनुसार देखिएकोले उक्त ठेकेदारलाई सम्झौता गरी रु.६००००० भुक्तानी गरेकोमा बढी भुक्तानी भएको रु.३६३१५४ असुल गर्नुपर्दछ रु. | ३६३१५४.०० |
| ५६.१. | भवनमा काठको कामको लागि विभागिय नर्म्स अनुसार प्रति घनमिटर ३८.८५ क्यू फिट काठ लाग्ने उल्लेख भएकोमा विद्यालयले कहाँबाट काठ किनेको वा सामुदायिक वनबाट भए रोयल्टि तिरेको विल संलग्न नगरी जिल्ला दररेट अनुसार प्रति क्यू फिट रु.१७६४०० ले जम्मा १.१४ घन मिटरको कामको रु.२०१०९६.०० भुक्तानी दिएकोले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | २०१०९६.०० |
| ५७. | २३/०७७/३/२४ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन नसकिने तथा उपभोक्ताबाट भएको कामको भुक्तानी दिदाँ उपभोक्ताको योगदान समेत कट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था उल्लेख छ । रामशिखर झाला गाँउमा सौर्य सिचाई पम्प नि.उ.स.बाट सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा उपभोक्ता समितिले सव कन्ट्रयाक्टर सौर्य दिप इनर्जि प्रा.लि.बाट काम गराई रु.९६२०००.०० भुक्तानी लगेको देखियो । सो कम्पनीको विजकमा रु.११७००४३.१६ को विल तथा रु.२६३४८३.२० को डोर हाजिर पेश गरेको छ । प्राविधिक तथा विशेष प्रकृतिका कामहरु उपभोक्ताबाट गराएको उपभोक्ताको श्रमदान गर्ने पर्ट नै नभएको अवस्थामा काम कम्पनीबाट सम्पन्न गरेकोले उपभोक्ताको अंश तथा कन्टिजेन्सी कट्टा गरी रु.९०४३३४.०० भुक्तानी दिनुपर्नेमा रु.५७६६६.०० बढी भुक्तानी भएको असूल गर्नुपर्ने रु. | ५७६६६.०० |
| ५८. | ३७/०७७/३/२८ स्वीकृत जिल्ला दररेट अनुसार मेशिनबाट काम गराउदा खन्ने काममा प्रति घनमिटर रु.७० लाग्ने तथा मानिसबाट काम गराउदा प्रति घनमिटर रु.५३५.६० लाग्ने गरी दर विश्लेषण गरेको छ । हल्दुफाँटा सिचाई कुलो निर्माण उपभोक्ता समितिबाट भएको कार्यमा लागत अनुमानमा खन्ने कार्यको लागि मानिसबाट दर राखेकोमा विल भर्पाइ परिक्षण गर्दा सो काम देवलक्ष्मी निर्माण सेवा प्रा.लि.बाट मेशिनद्धारा काम गराएको देखियो । मेशिनबाट काम गराइ मानिसको दरमा प्रति घनमिटर रु.४६५.६ बढी भुक्तानी भएको कुल १५९.६४ घनमिटरको रु.७४३२८.४ बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | ७४३२८.०० |
| ५९. | **प्रदेश सरकारबाट हस्तान्तरित अनुदान तर्फः** २०/०७७/३/१८ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७-६)मा उपभोक्ता समिती वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्यांकन | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । मुन्सी राम चौधरीको घर देखि गेहरान घर सम्म माटो पटानी र ग्राभेलको लागत अनुमान एवं सम्झौता रु.११२६३९१.७३ गरेकोमा रु.१०९९२४९.५६ को कार्य सम्पन्न गरी उपभोक्ताको अंश कट्टा गरी रु.८७८३०० भुक्तानी गरेको छ । उपभोक्ता समितिबाट भएको कार्यमा स्वीकृत जिल्ला दररेट अनुसार मेशिनबाट काम गराउने गरी दर विश्लेषण गरेको छ । विल भर्पाइ परिक्षण गर्दा विद्या कन्स्ट्रक्सन प्रा.लि.(६०४३१९६४९ बाट काम गराइ रु.५२७०००, डिजलको रु.२५१५३८, ग्राभेलको रोयल्टि रु.९३२२५ र अन्य सामाग्री खरिदको रु.६४०० गरी जम्मा रु.८७८१६३/-मा काम सकेकोले उपभोक्ता समितिको अंश रु.१७५६३३ कट्टा गरी रु.७०२५३० भुक्तानी गर्नुपर्नेमा बढी रकम भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु. | १७५६३३.०० |
| ६०. | २१/०७७/३/२२ ग्रामिण पूर्वाधार विकास कार्यालयको नर्म्स अनुसार ३*१*१ को ग्यावियन कार्यकोलागी दर विश्लेषण अनुसार प्रति जाली बुन्न ३८.७४ के.जी.लाग्ने तथा ३*१*०.५ को जालि बुन्न २७.२६ केजि लाग्ने उल्लेख छ ।उत्तर बहुरिया सुक्तिकाडा नदिमा तेज बहादुर बोहराको घर पश्चिम पट्टि तटवन्ध निर्माण उ.स.लाई रु.१४९९२३९.५६ भुक्तानी भएकोमा सो कार्यको लागि लक्ष्मि ग्रिल सटर उद्योगबाट ५२६७ केजि,न्यू चौलागाइ ट्रेडर्सबाट १६३ केजि र रम्भा ट्रेडर्स एण्ड सप्लायर्सबाट ९० केजि गरी जम्मा ५५२० केजि मात्र जालि खरिद गरेको देखियो ।नर्म्स अनुसार ३*१*१ को जालि बुन्न ३७१९ केजि र ३*१*०.५ को जालि बुन्न २६४४ केजि गरी जम्मा ६३६३ केजि ग्यावियन तार लाग्नेमा ८४३ केजि कम खरिद गरी नापी कितावमा ३१ वटा जालिको बढी मुल्याङ्कन गरी प्रति जालिको दर विश्लेषण अनुसार रु.६८८२.०४ का दरले रु.२१३३४३ बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु. | २१३३४३.०० |
| ६१. | ३२/०७७/३/२५ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समिती वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्यांकन विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । सडेपानी नयाँ वजार भित्र गल्लिको बाटोको पक्कि नालि निर्माणको लागत अनुमान रु.१८७६८३६.५४ मा रु.१८७५२५७.९८ को कार्य सम्पन्न गरी उपभोक्ताको अंश तथा कन्टिजेन्सि कट्टा गरी रु.१४९८७२०.०० भुक्तानी गरेको छ । विल भर्पाइ परिक्षण गर्दा उपभोक्ता समितिबाट भएको कार्यमा दर विश्लेषण अनुसार लेवरमा रु.३०१३०५ लाग्ने, सिमेन्ट खरिद रु.३८०९९०.५७, सरिया ७९५८७९, ढुवानी तथा रोयल्टि रु.२५९५००.०० गरी जम्मा रु.१७३७६७४.०० को मात्र काम भएकोमा सो रकममा उपभोक्ता समितिको अंश तथा कन्टिजेन्सि कट्टा गरी रु.१३६०१६४.०० भुक्तानी गर्नुपर्ने मा रु.१३८५५६.०० बढी रकम भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु. | **१३८५५६.००** |
| ६२. | **प्रदेश पूँजिगत तर्फः-** ६/०७७/३/३१ सिमथरी कौवा जोड्ने पक्कि पुल निर्माणको डि.पि.आर.को लागि इन्जिनियरिङ्ग वल्ड प्रा.लि सँग रु.११३००००.०० (मू.अ.कर सहित) मा सम्झौता गरेकोमा सम्झौता अनुसारको कार्य सम्मपन्न भएकोमा रु.११६००००.०० भुक्तानी दिएकोले बढी भुक्तानी भएको रु.३०००० असुल गर्नुपर्ने रु. | **३००००.००** |
| ६३. | **जिल्ला समन्वय समिति पूँजीगत तर्फः** ८/०७७/३/२७ ग्रामिण पूर्वाधार विकास विभागको दर विश्लेषण अनुसार एक नम्बरको इटा प्रति घनमिटर इटाको जोडाई गरी पर्खाल लगाउदा ५३० गोटा लाग्ने उल्लेख | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | छ । जरही कटान खानेपानी ट्याङ्कि निर्माण उपभोक्ता समितिबाट काम गराएकोमा इटाको चिनाइ १.४ को कार्य नापी अनुसार ६०.९२ घन मिटरमा ३२२८८ गोटा इटा लाग्नेमा संलग्न विल भर्पाइ अनुसार ९००० गोटा मात्र खरिद गरेको देखियो । सो इटाको १७ घनमिटरको मात्र भुक्तानी दिनुपर्नेमा ४३.९२ घनमिटरको प्रति घनमिटर रु.१२३९० का दरले रु.५४३९२१.०० बढी भुक्तानी असूल गर्नुपर्ने रु. | ५४३९२१.०० |
| ६४. | **बढी भुक्तानीः** उपभोक्तालाई रकम भुक्तानी गर्दा सार्वजनिक खरिद नियमावली,२०६४ को निमय ९७ को उपनियम ६ अनुसार विल भर्पाई जाँच गरी वास्तविक खर्चको आधारमा गर्नुपर्ने व्यवस्था उल्लेख छ । उपभोक्ताबाट भएका निर्माण सम्बन्धि केही भौचर परीक्षण गर्दा उपभोक्ताले पेश गरेको वि.ओ.क्यू.मा उल्लेख भएको काम तथा कार्य सम्पन्न प्रतिवेदन र विल विजक तथा भर्पाईको आधारमा वास्तविक खर्च भन्दा बढी भुक्तानी दिएको देखियो । साथै वास्तविक खर्चको आधारमा सम्झौता अनुसार २० प्रतिशत उपभोक्ताको योगदान हुनुपर्नेमा योगदान रकम समेत देखिएन । तसर्थ समय सीमाको कारण परीक्षणमा नपरेका यस्ता भुक्तानी रकम तहाँबाट छानविन गरी बढी भुक्तानी रकममा उपभोक्ताको अशं को अनुपातिक कट्टी गरी बढी भुक्तानी रकम असुल गर्नुपर्ने रु. | २१३४०३१.१४ |

| भौ.नं./मिति | उपभोक्ता को नाम | वास्तविक खर्च | भुक्तानी | बढी भुक्तानी | उपभोक्ताको योगदान | रकम |
|---|---|---|---|---|---|---|
| प्रदेश सरकार ३६/०७७/३/२५ | घोडाघोडी विचफाँटा जानेबाटोमा माटो पटानी र ग्राभेल-४ उ.स. | १२०००६०.० | ११५२६६२.० | -४७३९८ | २४००१२ | १९२६१४ |
| ५/०७७/३/२५ | वडा नं.९ को उत्तर पूर्व मगर टोलमा खानेपानी निर्माण उ.स. | १७४६९८०.० | १७९५८०९.५ | ४८८२९.५ | ३४९३९६ | ३९८२२५.५ |
| न.पा.पूँजीगत ४७०/०७७/३/२७ | कमल ढकालको घरदेखि सिरानगर नदी सम्म बाटो ग्राभेल उ.स. | ८००८३१.०० | ७९९५६७.०० | -१२६४ | १६०१६६.२ | १५८९०२.२ |
| स्थानीय पुर्वाधार १७/०७७/३/२१ | वाल ज्योति विद्यालय देखि एक्ले साहुको घर हुदै प्रेम | १९०९०९३.० | १९६६३३८.० | ५७२४५ | ३८१८१८.६ | ४३९०६३.६ |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बुढाको घरसम्म जरही सडक ग्राभेल उ.स. | | | | | |
| १८/०७७/३/२१ | करेचा देखि लोखरी जाने बाटो सडक ग्राभेल उ.स. | ९८६४९०.०० | ९४४५७९.०० | -४१९११ | १९७२९८ | १५५३८७ |
| २६/०७७/३/२५ | पहलमानपुर लाल वोझी सडक अन्तरगत शिवपुर देखि कोटा गाँउ सम्म सडक स्तरोन्नति उ.स. | ४६९६७७४.० | ४५५१२५८.० | -१४५५१६ | ९३९३५४.८ | ७९३८३८.८ |
| २५/०७७/३/२४ | वर पिपल चौचारी तथा सार्वजनिक स्थल नि.उ.स. | ४२०८५४.०० | ३९९९५१.०० | -२०९०३.० | ८४१७१.०० | ६३२६८.०० |
| | | | | | **जम्मा** | २१३४०३१.१४ |

६५. **ग्राभेलको बढी भुक्तानीः**-सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने उल्लेख छ । उपभोक्ताले ग्राभेल सडक निर्माण गरी रकम भुक्तानी लिएको केही भुक्तानी सम्बन्धित भौचर परीक्षण गर्दा उपभोक्ताले खरिद गरेको ग्राभेल र सम्बन्धित विल र कार्य सम्पन्न प्रतिवेदनमा उल्लेखित परिमाण घटी देखिन आयो । उपभोक्तालाई ग्राभेलको कामको भुक्तानी दिदाँ ग्राभेल रोलिङ्ग गरेपछि नाप जाचँ गरी रकम भुक्तानी दिनुपर्नेमा खरिद विलको आधारमा भुक्तानी दिदाँ उपभोक्तालाई बढी भुक्तानी भएको देखियो । तसर्थ परीक्षण भएका देहायका उपभोक्ताको बाहेक अन्य उपभोक्ताको तहाँबाटै छानविन गरी परीक्षण एवं भुक्तानी एकिन गर्नुपर्ने र देहायको उपभोक्ताको बढी भुक्तानी भएको रकम उपभोक्ताको अनुपातिक अशं कट्टा गरी असुल उपर गर्नुपर्ने रु. २०७७२३०.००

| सि.नं. | गो.भौ./मिति | उपभोक्ता समितिको नाम | विलमा उल्लेखि | हुनुपर्ने परिमाण | बढी परिमा | दर | रकम |
|---|---|---|---|---|---|---|---|

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | त परिमाण (घ.मि.) | (घ.मि.) | ण (घ.मि.) | | |
|---|---|---|---|---|---|---|---|
| स्थानीय पूर्वाधार विकास कार्यक्रम | | | | | | | |
| १. | १५/२०७७/३/२० | गैडाखेरा सिताकुवा मन्दिर देखि बाटुले चौर सम्म सडक नि.उ.स. | ७२० | ९५२ | २३२ | ९७१.४५ | २२५६८७ |
| २. | १७/०७७/३/२१ | बालज्योति विद्यालय देखि एक्ले साहुको घर हुदै प्रेम बुढाको घर सम्म जरही सडक ग्राभेल उ.स. | २०७० | २६१६.५ | ५४६.५ | ९७१.४५ | ५३०८८४ |
| ३. | १८/०७७/३/२१ | करेचा देखि लोखरी जाने बाटो सडक ग्राभेल उ.स. | १०२४ | १२९४ | २६९ | १०५९.५६ | २८५३५२ |
| ४. | २६/०७७/३/२५ | पहलमानपुर लाल वोझी सडक अन्तरगत शिवपुर देखि कोटा गाँउ सम्म सडक स्तरोन्नति उ.स. | २५०० | ३२५५ | ७५५ | १२७८.५७ | ९६५०११ |
| | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम | | | | | | ० |
| ५. | २०/०७७/३/१८ | मुन्सी राम चौधरीको घर देखि गेहरान घर सम्म माटो पटानी र ग्राभेल उ.स. | ११०० | ११६४ | ६४ | ११०३.३४ | ७०२९६ |
| | | | | | | जम्मा | २०७७२३०.०० |

६६. **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । कार्यालयले तयार गरेको ग्रामिण विकास विभागको दर विश्लेषण अनुसार एक नम्बरको इटा प्रति घनमिटर इटाको जोडाई गरी पर्खाल लगाउदा ५३० गोटा लाग्ने तथा नर्म्स अनुसार सिमेन्ट, बालुवा र ढुङ्गा लाग्ने विश्लेषण गरेको छ । उपभोक्तालाई सम्झौता अनुसार रकम उपलव्ध गराउनु पूर्व कामको परिमाण र वास्तविक खरिद विलको आधारमा रकम उपलव्ध गराउनु पर्दछ । देहायका उपभोक्ता समितिले इटा तथा सिमेन्ट, बालुवा र ढुङ्गा प्रयोग गरी निर्माण भएको संरचना वापत रकम भुक्तानी गर्दा वास्तविक लाग्ने भन्दा बढी विल राखी भुक्तानी लिएको देखियो । सम्झौता अनुसार लागत अनुमानमा उल्लेखीत परिमाणमा सामान खरिद गरी सोही बमोजिमको विल भुक्तानी लिनुपर्नेमा केही योजनामा कम तथा केहीमा बढी संख्याको विल राखी भुक्तानी लिएको हुदाँ बढी रकम उपभोक्ताको अशंको अनुपातिक कट्टी गरी असुल गर्नुपर्ने रु. २८९०३७४.००

| गो.भौ.नं./मिति | उपभोक्ताको नाम | आइटम | लाग्ने परिमाण | विलको परिमाण | बढी /घटी परिमाण | दर | रकम |
|---|---|---|---|---|---|---|---|
| सशर्त पूँजीगत २०/०७७/२/२७ | जनज्योती मावि सुखडको भवन नि.उ.स. | सिमेन्ट | १९७७९ केजि | **६०२५०** केजि | ४०४७१ केजि | १५ | ६०७०६५.०० |
| | | ईटा | १९२३४ गोटा | ३८८५० गोटा | १९६१६ गोटा | ९ | १७६५४४.०० |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सरिया | ८३९० केजि | ११४८२ केजि | ३०९२ केजि | ७५ | २३१९००.०० |
| ३७/०७७/३/२८ | हल्दुफाँटा सिचाइ कुलो नि.उ.स. | सरिया | ४५५ केजि | २२४४ केजि | १७८९ केजि | ८५ | १५२०६५.०० |
| | | सिमेन्ट | १६२५० केजि | २२२०० केजि | ५९६० केजि | १६ | ९५३६०.०० |
| प्रदेश पूँजीगत ८/०७७/३/२७ | जरही कटान खानेपानी ट्रयाङ्की नि.उ.स. | ८ मि.विद्युत पोल | २५ | ५० | २५ | ७९२७ | १९८१७४.०० |
| | | सरिया | २४५८.३८ केजि | ४१६१ केजि | २१०३ केजि | ८५ | १७८७२३.०० |
| | | ०.३ गेज कन्डक्टर वायर | ६००० मिटर | ० | - | ४१ | २४६०००.०० |
| स्थानीय पूर्वाधार २०/०७७/३/२४ | जनप्रिय आवि भवन नि.उ.स. | ईटा | १०२७७ गोटा | २५००० गोटा | १४७२३ गोटा | ९ | १३२५०७.०० |
| | | सरिया | २४४ केजि | ५५५ केजि | ३११ केजि | ७४ | २२८४३.०० |
| २२/०७७/३/२४ | आम खोइया भदेली नाला कल्भर्ट नि.उ.स. | सरिया | १८८२ केजि | ५६९१ केजि | ३८०९ केजि | ७७ | २९३२९३.०० |
| २५/०७७/३/२४ | घोडाघोडी बहुमुखी भवन नि.उ.स. | सरिया | १०५२० केजि | १७९३२ केजि | ७४१२ केजि | ७५ | ५५५९००.०० |
| | | | | | | जम्मा | २८९०३७४ |

| | | |
|---|---|---|
| | **प्रदेश सरकारबाट हस्तान्तरित पूँजीगत** | |
| ६७. | ८/०७७/३/२७ स्थानीय विकास पूर्वाधार विभागको नर्म्स अनुसार सिमेन्टको मात्रा पिसिसि १:२:४ मा ३२० केजी ,आरसिसि१:१.५:३ मा ४०० केजि,१२.५ एम.एम.प्लास्टरमा ३.६३ केजि र इटाको चिनाइमा १०० केजि लाग्ने निर्धारण गरेको छ ।जरही कटान खानेपानी टयाङ्कि निर्माण उपभोक्ता समितिबाट रु.२६२५३१५.२२ मा सम्पन्न गरी उपभोक्ताको अंश कट्टागरी रु.२०९७३११.८२ भुक्तानी गरेको छ । नापी किताव अनुसार २८१३३ केजि सिमेन्ट लागेको भनि नापी भएकोमा उपभोक्ताले पेश गरेको विल भर्पाइ अनुसार कुवर हार्डवयर कैलाली बाट ३६० वोरी १८००० केजी मात्र सिमेन्ट खरिद गरेको देखिन्छ ।वास्तविक लाग्ने भन्दा कम सिमेन्ट खरिद गर्दा गुणस्तरमा कमी आउने तथा उपभोक्ताले कम खरिद गरी बढी १०१३३ केजि को प्रतिकेजि रु.१९ का दरले रु.१९२५२७.०० रकम बढी भुक्तानी भएको असूल गर्नु पर्ने रु. | १९२५२७.०० |
| | **स्थानीय पूर्वाधार विकास कार्यक्रम पूँजीगत** | |
| ६८. | १९/०७७/३/२२ स्वीकृत जिल्ला दररेट अनुसार मेशिनबाट काम गराउदा खन्ने काममा प्रति घनमिटर रु.७० लाग्ने तथा मानिसबाट काम गराउदा प्रति घनमिटर रु.३७४.९२ लाग्ने गरी दर विश्लेषण गरेको छ । सुकुम्वासी टोलको डोडा नदीमा तटवन्ध निर्माण उपभोक्ता समितिबाट भएको कार्यमा लागत अनुमानमा खन्ने कार्यको लागि मानिसबाट दर राखेकोमा विल भर्पाइ परिक्षण गर्दा सो काम अमर एण्ड तेज कन्स्ट्रक्सन प्रा.लि.बाट मेशिनबाट काम गराएको देखियो । मेशिनबाट काम गराइ मानिसको दरमा | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | प्रति घनमिटर रु.३०४.९२ बढी भुक्तानी भएको कुल १२१.५० घनमिटरको रु.३७०४८.०० बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | ३७०४८.०० |
| ६९. | १९/०७७/३/२२ स्वीकृत जिल्ला दररेट अनुसार ढुङ्गा ढुवानीमा गराउदा ३.३ घनमिटर मा २३०२.०० लाग्ने गरी विश्लेषण गरेको छ । सुकुम्वासी टोलको डोडा नदीमा तटवन्ध निर्माण उपभोक्ता समितिबाट भएको कार्यमा ग्याबियनको कार्यमा २४० घनमिटर ढुङ्गा लागेको देखिन्छ । अमर एण्ड तेज कन्स्ट्रक्सन प्रा.लि.बाट खन्ने तथा ढुवानीको एकमुष्ठ गरी रु.१५००००.०० भुक्तानी गरेको अवस्थामा पुनः२४० घनमिटर ढुङ्गा ढुवानी गरेको भनि रु.२७९४२२.०० भर्पाइ गरेर खर्च गरेको देखिन्छ ।यसरी एउटै परिमाणका लागि दोहोरो हुने गरी भुक्तानी गरेकोले सो दोहोरो रकममा उपभोक्ताको अंश अनुपातिक कट्टी गरी असूल गर्नुपर्ने रु. | २७९४२२.०० |
| ७०. | २२/०७७/३/२४ स्वीकृत जिल्ला दररेट अनुसार मेशिनबाट काम गराउदा खन्ने काममा प्रति घनमिटर रु.७० लाग्ने तथा मानिसबाट काम गराउदा प्रति घनमिटर रु.५३५.६० लाग्ने गरी दर विश्लेषण गरेको छ । आमखोइया भदेनी नालामा कल्भर्ट निर्माण उपभोक्ता समितिबाट भएको कार्यमा लागत अनुमानमा खन्ने कार्यको लागि मानिसबाट दर राखेकोमा विल भर्पाइ परिक्षण गर्दा सो काम मेशिनबाट गराएको देखियो । मेशिनबाट काम गराइ मानिसको दरमा प्रति घनमिटर रु.४६५.६ बढी भुक्तानी भएको कुल १०४ घनमिटरको रु.४८४२७.०० बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | ४८४२७.०० |
| ७१. | २४/०७७/३/२४ ग्रामिण विकास विभागको दर विश्लेषण अनुसार एक नम्बरको इटा प्रति घनमिटर इटाको जोडाई गरी पर्खाल लगाउदा ५३० गोटा लाग्ने गरी नर्म्स निर्धारण गरेको छ ।आशिष मण्डलि चर्चको भवन निर्माण उपभोक्ता समितिबाट भएको काममा २४.१९ घनमिटरको कार्यमा १२८२१ गोटा इटा लगेको भनि नापी कितावमा चढाएकोमा विल भर्पाइ परिक्षण गर्दा १२००० गोटा मात्र इटा खरिद गरेकोमा सो अनुसार २२.६४ घनमिटरमात्र कार्य हुनेमा १.५५ घनमिटर बढी राखी प्रति घनमिटर रु.१३४०९ का दरले रु.२०७६४.०० बढी भुक्तानी भएको उपभोक्ताको अंश अनुपातिक कट्टी गरी असूल गर्नुपर्ने रु. | २०७६४.०० |
| ७२. | **सशर्त पूँजीगतः** २२/०७७/३/२३ सुदूर पश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को दफा ३७ (३) अनुसार खर्च गर्दा खर्चको विल भर्पाइ सहित लेखा राख्नुपर्ने उल्लेख छ ।लठैया प्रेमलाल चौधरीको घरदेखि तिनकुने सम्म माटो पटानी तथा ग्राभेल उपभोक्ता समितिबाट काम गराई रु.१०६७०५१.१३ भुक्तानी गरेको देखियो ।लागत अनुमान तयार गर्दा ३*१*१ को ग्याबियन जालीको काम लागि ८ वटा बक्स प्रति बक्स रु.११८८८.९२ का दरले लाग्ने दर विश्लेषण गरेको छ । नापी कितावमा सो काम मापन नभएकोमा कार्य सम्पन्न प्रतिवेदनमा खुद कामको जोडजम्मा महलमा रु.११८८८.९२ राखी कूल जम्मा गरेको देखियो । काम नै नभइ भुक्तानी भएको सो रकम उपभोक्ताको अंश अनुपातिक कट्टी गरी असूल गर्नुपर्ने रु. | ११८८८.९२ |
| ७३. | २५/०७७/३/२४ भवन विभागको दर विश्लेषण अनुसार एक नम्बरको इटा प्रति घनमिटर इटाको जोडाई गरी पर्खाल लगाउदा ५६० गोटा लाग्ने गरी नर्म्स निर्धारण गरेको छ । घोडाघोडी बहुमुखी भवन निर्माण उपभोक्ता समितिबाट भएको इटाको १:६ को काममा ४२.९५ घनमिटरको कार्यमा २४०५२ गोटा इटा लगेको तथा आघा इटा १:४ को ८३.५२ घनमिटरको कार्यमा २३३८६ गोटा इटा लगेको भनि नापी कितावमा चढाएकोमा विल भर्पाइ परिक्षण गर्दा १६५०० गोटा मात्र इटा खरिद गरेकोमा सो अनुसार १:६ | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | को २९.४६ घनमिटरमात्र कार्य हुने देखिन्छ । यसरी कम इटा खरिद गरी बढी नापी गरेको देखिएकोले १३.४६ घनमिटर को रु.१२८२१.५ दरले रु.१७२५७७.०० र १:४ को काम नै नहुने हुनाले ८३.५२ घनमिटर को रु.१४८७.६२ का दरले रु.१२४२४६.०० गरी जम्मा रु.२९६८२३.०० बढी भुक्तानी भएकोले उपभोक्ताको अंश अनुपातिक कट्टी गरी असूल गर्नुपर्ने रु. | २९६८२३.०० |
| | **सशर्त कार्यक्रमतर्फ** | |
| ७४. | **भकारो सुधार कार्यक्रमः-** १०८-२०७७।३।१४, २०७७।३।१८ कुनै पनि कार्यक्रममा वजेट खर्च गर्दा खर्च गर्ने कार्यविधि र मापदण्डका आधारमा खर्च गर्नुपर्ने हुन्छ । कार्यालयले भकारो सुधार सम्बन्धी कार्यविधि तयार नगरी एकल महिला कृषक समूह र तारानगर कृषक सहकारी संस्थासंग सम्झौता गरी १२।१२ वटा भकारो सुधारको लागि क्रमश रु.११६८०६ र रु.१८०००० जम्मा रु.२९६८०६ अनुदान दिएको छ । सम्झौतामा १२।१२ वटा भकारो सुधार गर्ने उल्लेख भएकोमा कुन कुन कृषकको भकारो सुधार गर्ने, भकारो सुधार कार्यक्रममा सहभागी हुने कृषक छनौटका आधार स्पष्ट छैन । आधार, मापदण्ड केही नतोकी स्वविवेकीय निर्णयका आधारमा कृषक छनौट गर्ने देखिन्छ । संस्थाले कुन कुन कृषकको भकारो सुधार गरेको हो सोको विवरण नगरपालिकालाई उपलब्ध गराएको छैन । यसरी भकारो सुधार कार्यक्रम सम्पन्न भएको, यसबाट सम्बन्धीत कृषक लाभान्वीत भएको एकिन नगरी गरीएको खर्चबाट कार्यक्रम प्रभावकारी भएको मान्न सकिदैन । तसर्थ सम्झौता बमोजिम छनौट भएका कृषकको विवरण, उनीहरु छनौटको आधार, कार्य सम्पन्न भएको अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने अन्यथा असुल गरी दाखिला गर्नुपर्ने रु. | २९६८०६.०० |
| ७५. | **नागरिक आवास कार्यक्रमः-** सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ लक्षित वर्गको पहिचान स्थानीय तहको समन्वयमा संघीय आयोजना कार्यान्वयन इकाइले लाभग्राही पहिचान गरी सुरक्षित आवास समन्वयन समितिमा पेश गर्ने तथा यसरी पेश भएको विवरणको आधारमा समितिले लाभग्राही छनौट गरे पश्चात अनुगमन गर्ने, कार्यसम्पन्न प्रतिवेदनका आधारमा अन्तिम निकासा दिने सम्पूर्ण काम स्थानीय तहबाट गर्नुपर्ने उल्लेख छ । त्यस्तै कार्याविधिको दफा ६ अनुसार सम्झौता भएको ३ महिनमा कार्य सम्पन्न गर्नुपर्ने अन्यथा रकम असुलउपर हुने उल्लेख छ । संघीय आयोजना कार्यान्वयन इकाइबाट २०७७।२।३२ मा मात्र कागजात नगरपालिकामा पठाएको र नगरपालिकाबाट २०७७।३।२२ मा लाभग्राहीको खातामा रकम निकासा गरेको देखिन्छ । तीन महिनामा सम्पन्न गर्ने गरी कार्यविधिले निर्देशित गरेको कार्यक्रम आषाढमा आएर मात्र सुरुवात भइ प्रथम किस्ता वापत ८९ परीवारका लागि रु.२७४०० का दरले रु.२४३८६००  भुक्तानी भएको छ । लेखापरीक्षणको समयसम्म निकासा रकमको अनुगमन, कार्यसम्पन्न प्रतिवेदन सम्बन्धी कुनै कागजात पेश नभएकोले कार्यक्रम सञ्चालन भए नभएको, निकासा रकम आवास निर्माण तथा मर्मत सम्भारमा मै खर्च भएको एकिन हुन सकिएन । अतः कार्यक्रम सञ्चालन भए, नभएको अनुगमन गर्नुपर्ने र कार्यविधिमा तोकीए अनुसार कार्यक्रम सञ्चालन भएनभएको कार्यालयबाटै अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ । | |
| ७६. | **सुरक्षित आप्रवाशन कार्यक्रम-** आप्रवाशन स्रोत केन्द्र सञ्चालन सम्बन्धमा उद्यमशिलता र रोजगारका लागि तालिम तथा परामर्श केन्द्र (TRACE) लाई उसले पेश गरेको सामान्य प्रतिवेदनका आधारमा विज्ञ कर्मचारी पारीश्रमिक, अन्य कर्मचारी पारीश्रमिक तथा तालिम खर्च रु.९६५३१४ भुक्तानी भएको छ । लेखापरीक्षणको समयमा संस्थासँगको सम्झौता, कार्यविवरण, कार्यक्षेत्र, भुक्तानी प्रक्रिया लगायत विषयका कागजात उपलब्ध भएको छैन । त्यस्तै कार्यालयमा पेश भएको प्रतिवेदनमा संस्थाले घोडाघोडी | |

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>नगरपालिकाको साथ साथै धनगढी उपमहानगरपालिका, टीकापुर नगरपालिका, जानकी गाउँपालिकामा गरेको कामको विवरण समेत समावेश गरेको छ । एउटै कार्यक्रम र एउटै प्रतिवेदनका आधारमा अन्य स्थानीय तहबाट पनि सोही कार्यक्रमको लागि सोही संस्थालाई रकम भुक्तानी भएको देखिन्छ । यसरी भुक्तानी गर्दा एउटै कार्यक्रममा दोहोरो भुक्तानी हुने सम्भावना रहने भएकोले संस्थासँगको सम्झौता, अनुसारको तालिम कार्यक्रम सम्पन्न भएको प्रमाण कागजात एकिन भएर मात्र रकम भुक्तानी गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७७.</td><td>बढी भुक्तानीः- संघीय सशर्त अनुदान बजेट खर्च गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालबाट जारी गरीएको आर्थिक वर्ष २०७६।७७ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शन अनुसार खर्च गर्नुपर्दछ । जनस्वास्थ्य अधिकृत श्री कैलाश कुमार रावतले स्वास्थ्य संस्थाका सम्पूर्ण कर्मचारीका लागि संक्रमण रोकथाम तथा स्वास्थ्य संस्थाजन्य फोहोरमैला व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गर्न लिएको पेश्की फछ्र्यौट गर्दा कार्यक्रम सञ्चालन मार्गदर्शनले तोकेको भन्दा देहायबमोजिम वढी खर्च भुक्तानी लेखेकोले बढी भुक्तानी रुकम रु.३१२००.०० असुल गरी दाखिला गर्नुपर्दछ ।
<table>
<tr><th rowspan="2">भुक्तानी लिनेको नाम</th><th rowspan="2">वापत</th><th rowspan="2">सेशन</th><th colspan="2">भुक्तानी भएको</th><th colspan="2">हुनुपर्ने</th><th rowspan="2">बढी भुक्तानी</th></tr>
<tr><th>दर</th><th>रकम</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>विभिन्न व्यक्ति</td><td>उद्घाटन समापनमा सहभागी</td><td>३९ जनाले भत्ता लिएको</td><td>१०००</td><td>३९०००</td><td>२००</td><td>७८००</td><td>३१२००</td></tr>
</table></td><td>३१२००.००</td></tr>
<tr><td>७८.</td><td>संघीय शसर्त तर्फबाट तलव भुक्तानीः- १०५-२०७७।३।११ अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ (२) अनुसार शसर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वियन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्न सक्नेछ र सम्वन्धीत प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले शसर्त तर्फ विनियोजित वजेट तोकीएको शर्त विपरीत हुने गरी करारका स्वास्थ्य तर्फका १९ जना कर्मचारीलाई अषाढ महिनाको तलव रु.३०२२०० र भौ. नं. १३३-२०७७।३।१४ बाट क्वारेन्टाइनमा कार्यालय सहयोगी करारमा भर्ना गरी जेष्ठ १२ देखि आषाढ मसान्तसम्मको रु.२६००० गरी जम्मा रु.३२८२०० भुक्तानी गरेको रकम नियमसम्मत नदेखिएको रु.</td><td>३२८२००.००</td></tr>
<tr><td>७९.</td><td>अनुगमन भत्ताः- संघीय सशर्त अनुदानमा प्राप्त भएको बजेट संघीय नर्म्स अनुसार नै खर्च हुनुपर्नेमा नगरपालिकाले देहायका कार्यक्रममा नर्म्स वेगर भ्रमण आदेश नै स्वीकृत नगरी भुक्तानी दिएको रु.
<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.</th><th>कार्यक्रम</th><th>रकम</th><th>करकट्टी</th><th>खुद भुक्तानी</th></tr>
<tr><td>१.</td><td>१०-२०७६।६।९</td><td>क्षयरोग कार्यक्रम</td><td>३०००</td><td>४५०</td><td>२५५०</td></tr>
<tr><td>२.</td><td>१२-२०७६।६।१०</td><td>स्वास्थ्य संस्थाको वार्षिक समिक्षा गोष्ठी</td><td>६०००</td><td>९००</td><td>५१००</td></tr>
<tr><td>३.</td><td>४१-२०७६।१०।१७</td><td>माटो परीक्षण</td><td>१३५००</td><td>२०२५</td><td>११४७५</td></tr>
<tr><td>४.</td><td>११३-२०७७।२।१७</td><td>नियमित तथा पूर्णखोप दिगोपना</td><td>२००००</td><td>३०००</td><td>१७०००</td></tr>
<tr><td>५.</td><td>१२७-२०७७।३।२४</td><td>आमा सुरक्षा कार्यक्रम</td><td>१००००</td><td>१५००</td><td>८५००</td></tr>
<tr><td>६.</td><td>१५२-२०७७।३।२६</td><td>पोषढ कार्यक्रम</td><td>५९४००</td><td>८९१०</td><td>५०४९०</td></tr>
<tr><td>७.</td><td>१५५-२०७७।३।२७</td><td>औलो नियन्त्रण कार्यक्रम</td><td>२४०००</td><td>३६००</td><td>२०४००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१३५९००</td><td>२०३८५</td><td>११५५१५</td></tr>
</table></td><td>११५५१५.००</td></tr>
</table>

| दफा | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ८०. | **पदाधिकारीलाई पेश्कीः-** ७९-२०७७।१।२६ निर्वाचित पदाधिकारीलाई पेश्की दिइ कार्य गराउन नहुनेमा कार्यालयले १२ वडाका वडाअध्यक्षलाई गरीमा धानको विउबाट प्रभावित कृषकहरुलाई राहत वितरण गर्ने गरी जम्मा रु.२८३८९८७।९६ पेश्की उपलब्ध गराइएको छ । आइन्दा पदाधिकारीलाई पेश्की उपलब्ध गराई कार्यक्रम कार्यान्वयन गर्ने कार्य नियन्त्रण हुनुपर्दछ । | |
| ८१. | **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५१ (५७ विद्यालय मध्ये समायोजन भइ ५१ विद्यालय कायम भएका तर अदालतबाट **Stay order** जारी भएकोमा ५१ विद्यालयमार्फत नै पठनपाठन हुने गरेको) सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।<br>विद्यालयको नाम: ५१ विद्यालय; शिक्षक दरबन्दी: ३२३; पदपूर्ति: ३२३; पदपूर्ति मध्ये करार: २२८; विद्यार्थी संख्या: १७९२४ | |
| ८२. | **धार्मिक विद्यालय अनुदानः-** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार शसर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्न सक्ने र सम्बन्धीत प्रदेश तथा स्थनीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले सार्वजनिक विद्यालयमा अध्यायनरत विद्यार्थीहरुका लागि छात्रवृत्ती कार्यक्रमको बजेट खर्च शिर्षक फरक पारी परम्परागत धार्मिक विद्यालय अनुदान कार्यक्रम अन्तर्गत सनातन धर्म संस्कृत वेद विद्याश्रमलाई एकमुष्ट रु.२४१००० निकासा अनुदान दिएको छ । यसरी तोकीएको कार्यक्रम भन्दा फरक पर्ने गरी दिइएको निकासा अनियमित देखिएको रु. | २४१००० |
| ८३. | **विज्ञान प्रयोगसाला अनुदानः-** कार्यक्रम कार्यान्वयन निर्देशिका २०७६।७७ को सि.नं. ९.८ अनुसार माध्यमिक विद्यालय विज्ञान प्रयोगशाला अनुदान कार्यक्रमको लागि कार्यालयले राष्ट्रिय मा.वि. रामपूर सँग विज्ञान प्रयोगशाला संग सम्बन्धीत सामाग्री खरीद गर्ने गरी रु.६५०००० अनुदान दिएकोमा विद्यालयले सम्झौतामा खरीद गर्ने भनि उल्लेख नभएका सामाग्री (टेवल, दराज, कुर्शी, पंखा आदि) मा रु.१४९२२५ खर्च गरेको छ । यसरी सम्झौताको विपरीत हुने गरी भएको खर्च अनियमित देखिएको रु. | १४९२२५ |
| ८४. | **सेनीटरी प्याड खरीदः-** शिलबन्दी दरभाउको आधारमा न्यू.सी.आर. इन्ट्रप्राइजेजसँग मिति २०७७।३।१२ मा खरीद सम्झौता गरी रु.१६९५००० को सेनीटरी प्याड खरीद गरी भुक्तानी भएको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ अनुसार २० लाख सम्मको औषधिजन्य स्वास्थ्य सामाग्री सोझै खरीद गर्न पाउने तर खरीद गर्दा त्यसको सम्झौतामा विभिन्न विषय उल्लेख गरेर खरीद सम्झौता गर्न सकिने उल्लेख छ । नगरपालिकाले सेनिटरी प्याड खरीद गर्दा सम्झौता अवधि, प्याडको गुणस्तर लगायतका विषय उल्लेख नगरी खरिद गरेको देखिन्छ । वार्षिक रुपमा प्रयोगमा ल्याउने गरी खरीद एवं वितरण गर्नुपर्ने उक्त स्वास्थ्य सामाग्री आर्थिक वर्षको अन्तिम महिनामा खरीद गरिएकाले उक्त सामाग्री सम्वन्धित विद्यार्थीले आवश्यकता अनुरुप प्रयोग गर्न नपाउने स्थिती देखियो । यस्ता सामाग्री शैक्षिक सत्रहरु हुँदाको समयमा खरीद गरी उपयोग हुनु पर्दछ । | |
| ८५. | **वढी ग्रेड भुक्तानीः-** शिक्षकको तलब भत्ता भुक्तानी गर्दा शिक्षक कितावखानाबाट पारित भएको तलवी प्रतिवेदनका आधारमा भुक्तानी गर्नुपर्नेमा नगरपालिकाले सिताकुण्ड मा.वि. का शिक्षक श्री पदमराज ओझाको तलवी प्रतिवेदन अनुसार मासिक ग्रेड रु.४७०० हुनु पर्नेमा रु.५६४० भुक्तानी गरेको मासिक | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | रु.९४० का दरले १ वर्षको जम्मा रु.१२२२० वढी भुक्तानी गरेकोले बढी भुक्तानी रकम असुल गरी दाखिला गर्नुपर्ने रु. | १२२२०.०० |
| ८६. | **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । नगरपालिकाले भौ.नं. ४७-२०७६।१०।२९ र भौ.नं. ११४-२०७।३।१७ बाट क्रमश रु.८२४५६८ र रु.५९५६३१ गरी रु.१४२०१९९ को औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु न्निानुसार छनः | |
| ८६.१. | मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको औषधीको मुल्य अनुसारको ओषधि खरीद कार्य नगरेको, | |
| ८६.२. | आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट **Specification** अनुसार परीक्षण गरेर जिन्सी दाखीला गर्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भन्ने लेवलमा खुलाएको प्रमाण समावेश नभएको, | |
| ८६.३. | खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा औषधिको भण्डारणको व्यवस्था नभएको भनि एकमुष्ट घटाउने गरेको । | |
| ८६.४. | तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारेर जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ८७. | **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजागरी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक योजना छनौट भएका देखिन्छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा पाइपलाईन विस्तार, सडक स्तरोन्नती, नालि मर्मत लगायतका कार्यक्रम सञ्चालन गरी ४९६ जनालाई समग्रमा ६९९२ दिन र औषतमा १४ दिन मात्र रोजगारी उपलव्ध गराई श्रमिक ज्याला, प्रशासनिक खर्च र कार्यक्रम खर्च समेतमा रु.४०५६३२० खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना भएको देखिंदैन । रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्वयन गर्दा बजेट, | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वयन गर्नु पर्नेमा सो वेगर वजेट खर्च भएको छ । सञ्चालित कार्यक्रमको संक्षिप्त विवरण देहायबमोजिम रहेको छः | |

| सि.नं. | कार्यक्रम/योजना संचालन | रोजगार संख्या | रोजगारी प्राप्त गरेको दिन | कुल खर्च रकम | तलबमा खर्च भएको रकम |
|---|---|---|---|---|---|
| १. | झापालीको घरदेखि कल्जुगी जोड्ने बाटोको पर्खाल निर्माण तथा माटो भरान | २० | ३५ | ४००००० | ४००००० |
| २. | खानेपानी पाइपलाइन विस्तार टनकपुर देखि छत्र बडुवालको घर सम्म | ६५ | १२ | ४००००० | ४००००० |
| ३. | पिकनिक स्थलमा बाटो निर्माण तथा बृक्षारोपण | २६ | २१ | २८१८४० | २८१८४० |
| ४. | सिम्थरी बरदवा टोल बाटो निर्माण | ३१ | ६ | ९९०५४ | ९४६४० |
| ५. | जिराईती टोल बाटो निर्माण | ३२ | २८ | ४९५७४० | ४७२१६० |
| ६. | फाराम ख टोल शान्ती टोल नजिक बाटो निर्माण | ३२ | २८ | ४९५७५० | ४७२१६० |
| ७. | जलि जरही खोलामा जैविक तटवन्धन | २२ | १८ | २९९८०९ | २१०३४० |
| ८. | घुन्मिभाकल कान्द्रा नदि जैविक तटवन्धन निर्माण | २६ | ३० | ५७३४१३ | ४०७१६० |
| ९. | सिसैया छदालाल कान्द्र नदी ठोक्कर | २० | ८ | ९५०२४ | ९५०२४ |
| १०. | सिसैया कन्हैयालाल कान्द्रा नदी ठोक्कर | २० | ९ | ९८६२६ | ९८६२६ |
| ११. | आम्वासा कान्द्रा नदि ठोक्कर सिरान | २० | ८ | ८९७९० | ८९७९० |
| १२. | आम्वासा कान्द्रा नदि ठोक्कर उत्तर तर्फ | २८ | ५ | ८९७९० | ८९७९० |
| १३. | आम्वासा कान्द्रा नदि ठोक्कर पुरानो वस्ति पूर्व | १८ | ९ | ८९७९० | ८९७९० |
| १४. | जवलपुर कान्द्रा नदि ठोक्कर उत्तर तर्फ | १७ | १० | ९३९१० | ९३९१० |
| १५. | जवलपुर कान्द्रा नदि ठोक्कर पूर्व तर्फ | २७ | ६ | ९४६२४ | ९४६२४ |
| १६. | तप्पा कान्द्रा नदि ठोक्कर उत्तर तर्फ | १६ | १० | ८९७९० | ८९७९० |
| १७. | तप्पा कान्द्रा नदि तटबन्धन पूर्व तर्फ | २९ | ६ | ८९७९० | ८९७९० |
| १८. | मुर्गहुवा कान्द्रा नदि तटबन्धन पूर्व तर्फ | २६ | ६ | ८९७९० | ८९७९० |
| १९. | मुर्गहुवा कान्द्रा नदि तटबन्धन उत्तर तर्फ | २१ | ८ | ८९७९० | ८९७९० |
| | **जम्मा** | **४९६** | **१४** | **४०५६३२०** | **३७४९०१४** |

उल्लेखित १९ योजना मध्ये १५ योजनामा नगरपालिका र प्रधानमन्त्री रोजगार कार्यक्रमको लागत साझेदारी रहेको देखियो । जसमा नगरपालिका तर्फ रु.६७००००० को योजनामा प्रधानमन्त्री रोजगार कार्यक्रमका १५ योजनाबाट रु.२६७८००० बराबरको अनुमान गरी श्रमिक ज्याला वापत रु.२४९९७१४ खर्च भएको छ । यसरी खर्च गर्दा नगरपालिका तर्फका कार्यक्रममा जनसहभागिताको अंश समावेश नगरी पुरै बजेट खर्च भएको देखिन्छ ।

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ८८. | प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने तथा भुक्तानी गर्दा कामदारहरुको बैंक खाता खोली कुल लागतको ७० प्रतिशत रकम श्रमिकको खातामा जम्मा गर्नुपर्ने र अधिकतम श्रम लाग्ने गरी योजना छनौट गर्नुपर्ने उल्लेख छ । पालिकाले यस बर्ष छनौट भएका योजनाहरु पालिका र कार्यक्रमको लागत सहभागितामा सञ्चलन भएका देखियो ।झापालीको घरबाट कल्जुकी जोड्ने बाटोको नदी छेउको ओरालो देखि नदीको पुल सम्म पर्खालको लागि उपभोक्ता समिति गठन गरी सो योजनामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत छनौट भएका कामदारलाई सो काममा पठाएको भनि प्रधानमन्त्रि रोजगार कार्यक्रमबाट रु.४००००० र नगरपालिकाबाट रु.२४८१७६ गरी रु.६८४१७६.०० भुक्तानी गरेको देखियो ।सो कार्यको लागि लागत अनुमान अनुसारको कार्य सम्पन्न प्रतिवेदन रु.६८८४४२.७१ रहेकोमा उक्त कार्यको लागि नर्म्स अनुसार रु.३२८३४४.३७ बरावरको श्रम लाग्ने देखिन्छ तर श्रमबापतको रकम भनि रु.४०००००.०० खातामा राखेको देखियो । जानुपर्ने भन्दा रु.७१६५६.०० बढी भुक्तानी भएको उपभोक्ताबाट असूल गर्नुपर्ने रु. | ७१६५६.०० |
| ८९. | ४४१/०७७/३/२४ टनकपुर देखि छत्र वडुवालको घर सम्म खानेपानी पाइप विस्तार उपभोक्ताबाट खानेपानी विस्तार गरेवापत प्रधानमन्त्रि रोजगार कार्यक्रमबाट रु.४००००० र नगरपालिकाबाट रु.४९९४३७.०० गरी रु.८९९४३७.३३ को कार्य सम्पन्न गरी पुरै रकम भुक्तानी गरेको छ । उक्त कार्यको लागि नर्म्स अनुसार रु.५७४०७१.०० बरावरको श्रम लाग्ने देखिन्छ तर श्रमबापतको रकम भनि ४०००००.०० मात्र श्रमिकको खातामा राखेको देखियो ।उपभोक्ताबाट भएको काममा जनश्रमदान कट्टा गरी भुक्तानी दिनुपर्नेमा रु.२९८९९८.०० वरावरको लेवर खर्च उपभोक्ता समितिलाई भुक्तानी दिएकोले श्रमिककै खातामा सो रकम जानु पर्नेमा उपभोक्ता समितिको खातामा भुक्तानी भएकोले सो रकम असुल गर्नुपर्ने रु. | २९८९९८.०० |
| | **समानीकरण पूँजिगततर्फ** | |
| ९०. | **कन्टिन्जेन्सी खर्चको अभिलेख :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट २ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व.२०७६/७७ मा कन्टीन्जेन्सी बापत रु.२१९२७९७.५८ कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राखे गरेको छैन । | |
| ९१. | **कार्य सम्पन्न प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन । | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ९२. | **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| ९३. | **डीपीआर खर्च —** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । | |

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|---|
| लिटिल चोक पिपल डाँडा वेलार रोड वडा नं१ रिङरोड । डोकेवजार देखी वडा नं ५ कार्यालय सम्म | मुललाइट डेकोर जे.भि. | १९३७८७०। | १९३७८७०.०० |
| चिडिया ताल, चटिया ताल, वडा ११ र १२ कार्यालयको वाटो | डिप इन्जिनियरिङ कन्सल्ट एण्ड रिसर्ज प्रा.लि. | १९३७८७०। | १९३७८७०.०० |
| नाउटी वजार थुम्की शान्तिपुर साँडेपानी विज गाँउ धुसर रोड वडा अफिस वडा नं २, सिरानगर, टनकपुर चोक, होम स्टे रोड, रतपुर पिपल टोल, फारम, झोलुङ्गे पुल कालिका मन्दिर भित्रि वाटो | मुलाइट सिभिल सोलुसन प्रा.लि. | १९३७८७०। | १९३७८७०.०० |
| डुङ्गा गिटी वालुवा को IEE | यात्रा इन्जिनियरिङ सभिसेस | १२९७२४०। | १२९७२४०.०० |
| नपा भवन तथा वडा कार्यालय भवन को IEE | एक्सपट पोइन्ट एण्ड रिसर्च प्रा.लि. | १८८४८४०। | १८८४८४०.०० |

| | | |
|---|---|---|
| | यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । | |
| ९४. | **परामर्श सेवाः-** सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य नियम अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिदमा गर्दा प्रतिस्पर्धाबाट आर्थिक, प्राविधिक प्रस्ताव माग गरी प्राविधिक प्रस्तावमा उच्चतम अंक ल्याउने परामर्शदाताको आर्थिक प्रस्ताव मूल्याङ्कन गरी घटी दररेट पेश गर्ने परामर्शदाताबाट यस्तो सेवा खरीद गर्नुपर्नेमा सो वेगर विभिन्न ५ फर्मसँग शिलवन्दी वोलपत्रका आधारमा परामर्श सेवा लिएकोमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी प्रतिस्पर्धमा छनौट गरेका फर्मबाट कार्य गराउनु पर्नेमा आर्थिक प्रस्ताव मात्र पेश गरी छनौट गरी सम्झौता भई रु.८५०४३८०.०० भुक्तानी भएको छ । नगरपालिकाको मौजुदा उपलब्ध | |

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>जनशक्तिबाट हुन सक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन ।<br><br>
<table>
<tr><th>सि.नं.</th><th>योजनाको नाम</th><th>खरीद सम्झौता भएको परामर्शदाताको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१.</td><td>Detail engineering survey drawing cost estimate to different Road 37.3 K.M.</td><td>Moonlight civil solution Pvt.Ltd./Deep eng. Research J/V</td><td>१९६३९४०.००</td></tr>
<tr><td>२.</td><td>Detail Survey desigh drawing and cost estimate 25 km</td><td>Moonlight civil solution</td><td>१९६३९४०.००</td></tr>
<tr><td>३.</td><td>Preparation of mastee plan, Eng. Design, Drawing and cost estimate छिद्रे ताल 5 Km Road</td><td>Dip Engineering consult and Research Pvt.Ltd</td><td>१९६३९४०.००</td></tr>
<tr><td>४.</td><td>घोडाघोडी नगरपालिका भित्रका कान्द्र डोडा लगायतका नदिहरुको IEEगर्ने कार्य</td><td>Yatra Engineering Consultancy</td><td>६४८६२०.००</td></tr>
<tr><td>५.</td><td>घोडाघोडी नगरपालिका क्षेत्र भित्रका निर्माणाधिन विभिन्न भवनको प्रारम्भिक वातावरणीय परीक्षण कार्य (IEE)</td><td>Expert point and Research Center</td><td>१९६३९४०.००</td></tr>
<tr><td colspan="3" align="right">जम्मा</td><td>८५०४३८०.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>९५.</td><td>सफ्टवेयर खरिद - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु.१८४१५८० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>९६.</td><td>गुणस्तर परीक्षण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।</td><td></td></tr>
<tr><td>९७.</td><td>गत बर्षको भुक्तानी दिन बाँकीः कार्यपालिकाले गत वर्षहरुमा सालवसाली रुपमा कार्यान्वियनमा आएका र वर्षान्तमा सम्पन्न हुन नसकेको योजनाहरुको बाँकी भुक्तानी चालु वर्षमा कार्यापालिकाको नीतिगत निर्णयका आधारमा गरीएको उल्लेख गरेको छ । तर नगर सभाबाट यस्ता अधुरा अपुरा योजनाहरुको सम्पन्न हुन बाँकी कार्यलाई निरन्तरता दिई सम्पन्न गर्न आवश्यक बजेट व्यवस्था गरेको छैन । साथै सालवसाली सञ्चालित यस्ता अधुरा कार्यक्रमको साविकमा भुक्तानी दिन बाँकी योजनागत कच्चावारी समेत प्रमाणित नगरेकोले के आधारमा भुक्तानी भएको हो सो समेत एकिन हुने अवस्था छैन । यस्ता विगतका अधुरा</td><td></td></tr>
</table>

| दफा | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | योजना सम्पन्न गर्न वार्षिक कार्यक्रममा समावेश गरी योजना कार्यान्वयन गरेर भुक्तानी दिनुपर्नेमा सो वेगर आकस्मिक भैपरी आउने शिर्षकको विनियोजित रु.१ करोड बजेटबाट तपशिलका योजनाहरुमा भुक्तानी भएको देखियो यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ । | |

| भौ.नं. र मिति | भुक्तानी भएको योजना/पार्टीको नाम | भुक्तानी रकम |
|---|---|---|
| ६-२०७६।५।२६ | कलस निर्माण सेवा | १४५१०६ |
| ७-२०७६।५।२६ | जीवन जागरुक कृषक समूह | ९९८३० |
| ८-२०७६।५।२६ | घोडाघोडी महिला कृषक समूह | १००३३० |
| ९-२०७६।५।२६ | जनता वहुउद्देश्यीय कृषक समूह | ९८२६६ |
| १०-२०७६।५।२६ | घोडाघोडी कृषक समूह | १२५००५ |
| ११-२०७६।५।२६ | लक्ष्मी कृषक समूह | १०७१८० |
| १२-२०७६।५।२७ | वार्ड नं. १० ठागुराम चौधरी घर पश्चिम शुरेश चौधरी घरसम्म सडक निर्माण उपभोक्ता समिति | ३८१००० |
| १३-२०७६।५।२७ | यू.एस. कन्ष्ट्रक्सन | २९२९३९ |
| १४-२०७६।५।२७ | वि एण्ड वि विल्डर्स | २३४३९० |
| १५-२०७६।५।२७ | सरैया नगर स्वास्थ्य केन्द्र | ४२००० |
| १६-२०७६।५।२७ | इन्द्र कुँवरको घरदेखि प्लाण्ट मिलसम्म सडक निर्माण उपभोक्ता समिति | ३९२००० |
| १८-२०७६।५।२७ | वार्ड नं. ७ कोवा गाउँ कल्भर्ट नर्माण उ.समिति | ६८६००० |
| १९-२०७६।५।२७ | वार्ड नं. ७ हरीनगर मक्तान टोल एवं खा.पा. | १४८८५८ |
| २०-२०७६।५।२७ | वार्ड नं. ४ गणेशपुर सडक नि.उ.स. | ३२६०१० |
| २४-२०७६।५।२७ | वार्ड नं. १ पानी निकासका लागी ह्युमपाईप खरीद ज.उ.स. | ९५४६३० |
| २९-२०७६।६।१ | रजेना पानी व्यवस्थापन उ.स. | १३०१८०८ |
| ३०-२०७६।६।१ | वार्ड नं. ९ को ह्यूमपाइप खरीद तथा जडान उ.स. | ८८२००० |
| ३१-२०७६।६।१ | अमर सहिद स्मृति आ.वि. छुट रकम | ६७९६७ |
| ३३-२०७६।६।२ | वार्ड नं. १२ जनप्रिय सा. वन उ. मसिति | २९३७५५ |
| ३५-२०७६।६।३ | मलौवा कपिल कुँकरको घर देखी दक्षिण तेज वहादुर घर सम्मको सडक नि.उ.स. | ३१६३०४ |
| ३८-२०७६।६।२ | वार्ड नं. १२ शिवपूर टोल विकास समिति | ६३५०६ |
| ४०-२०७६।६।६ | वार्ड नं. १२ जनवर्षा शिव प्रा.वि. देखि कान्द्रा नदी सम्मको सडक निर्माण उ.स. | ३५५२४४ |
| ४१-२०७६।६।७ | सु.प. मोहन्याल कृषि तथा पशुपालन व्यसाय प्रा.ली. अनुदान | ७८४००० |
| ४२-२०७६।६।७ | वार्ड नं. ७ भित्रिबाटोमा खाल्टाखुल्टी ग्राभेल भरेको खर्च | ९४४४९४ |
| ४३-२०७६।६।७ | वार्ड नं. १२ को गरही ताल सि. कुलो नि.उ.स. | ६२५०७९ |
| ५३-२०७६।६।९ | वार्ड नं. १२ गुरही गाउँ बस्ती व्यवस्थापन उ.स. | ५८६५०२ |
| ५४-२०७६।६।९ | वार्ड नं. १२ त्रिवेणी बजार तथा शिवपूर रामनाथ उ.स. | ३४१२२७ |
| ५८-२०७६।६।९ | लठैया खा. पा. ट्याङ्की नि.उ.स. | ९८००० |

| दफा | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ९८. | १८-२०७६।५।२७, कौवा गाउँ कल्भर्ट निर्माण उ.स. लाई कल्भर्ट निर्माण कार्यको स्वीकृत ल.ई. रु.८७५४८५।८९ गरी सोही रकममा उपभोक्ता समितिसँग सम्झौता भएकोमा कार्यसम्पन्न प्रतिवेदन अनुसार रु.८७९१३२।- कामको मूल्याङ्कन गरी ल.ई. भन्दा बढी रकमको काम गरेको मूल्याङ्कन गरी उपभोक्ताको सम्झौतामा उल्लेख गरेको श्रमदानको अंश रु.१७५४८५ मा वृद्धि गरी रु.१७९१३२।- गरेको भनी कार्यलयबाट व्यहोर्ने अनुदान रु.७०००००।- पूरै खर्च गरेको छ । सम्झौतामा उपभोक्ताको वील तथा कार्यसम्पन्न प्रतिवेदनमा उपभोक्ताको श्रमदानको अंश देखिदैन । कार्यालयबाट व्यहोर्ने रकम कूल मुल्याङ्कनबाट घटाई बाँकी कार्य उपभोक्ताको योगदान भनी प्रतिवेदन बनाउने गरेको छ । उपभोक्तासँगको सम्झौता रकम पुरै भुक्तानी लिने मनसायले बढी निर्माण कार्यको मापन मूल्याङ्कन गरी सवै उपभोक्तासँग सम्झौता अनुसारकै रकमको पुरै भुक्तानी गर्ने गरेको छ । वास्तविक कार्यको मात्र प्राविधिक | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | वील स्वीकृत गरेर भुक्तानी गर्ने तर्फ कार्यालयको पहल हुनुपर्दछ । | |
| ९९. | २४-२०७६।५।२७, पानी निकासका लागि ह्युमपाईप जडान तथा नाली निर्माण उ.स.लाई गत वर्षमा खरीद गरेका ह्युमपाइपहरु यसवर्ष गाडेको ग्राभेल, PCC, Soling जस्ता कार्यहरु गरेको कार्यको भुक्तानी गरेकोमा ह्युमपाईपको खर्च समावेश गरेको देखिएन । हाल विभिन्न १९ स्थानमा ह्युमपाईप खन्ने, पुर्ने कार्य गरेको भनी रु.९५४६३०।- ह्युमपाईप विच्छाउन ७५.६२ cum खन्ने पुर्ने लगायतका PCC, Stone soling को समेत रु.११९९३५२।- को वील प्रमाणीकरण भएकोमा ह्युमपाईपको खर्च भएको देखिएन । कार्यसम्पन्न प्रतिवेदनमा गत वर्ष खरीद भएका ह्यूमपाईप यस वर्ष जडान भएकोले जडान भएका ह्युमपाईप खर्च भएको आधारमा विलमा जनाई MB अद्यावधिक गर्नुपर्नेमा गरेको छैन ।गत वर्ष खरीद गरेका ह्यूमपाईप चालु आ.व. मा जडान भएको अभिलेख अद्यावधिक गरेर मात्र जडान कार्यको विल भुक्तानी हुनु पर्दछ । | |
| १००. | **प्रा.ली. कम्पनीलाई अनुदान उपलब्ध गराएकोः**- भौ.नं. १४१, सुदुर पश्चिम मोहन्याल कृषि पशु प्रवर्द्धन व्यवसाय प्रा.ली को कोल्डस्टोर हाता भित्र coling water tank निर्माण गर्न ल.ई.१०१४१८० को Detail estimate cost स्वीकृत गरी रु.८०००००।- अनुदान दिन बाटो ग्राभेलको वजेट रकमान्तर गरी गत आ.व.को कार्यक्रमको यस वर्ष भुक्तानी दिएको छ । निजी कम्पनीको लागि अनुदान कार्यान्वयन गर्न २०७६।३।१० मा सम्झौता गर्न उक्त प्रा.ली.ले अनुरोध गरेकोमा नक्कली उपभोक्ता समिति अध्यक्ष राम वहादुर रावलको नाम राखी खडा गरेर उक्त समिति मार्फत कार्य गराएको भनी भुक्तानी लिएको छ । अतः प्रा.ली. कम्पनीको कार्यका लागी पालिकाले उपभोक्ता समिति खडा गरी भुक्तानी दिएको खर्च नियम सम्मत नदेखिएको रु. | ८०००००.०० |
| १०१. | ६२-२०७६।६।१०, वार्ड नं. २,३,५ नं का वाटोहरु मर्मत गरेको भनी महाकाली कन्ष्ट्रक्सनलाई रु.४८८६७१।- भुक्तानी भएको छ । विभिन्न २० स्थानमा Loos Gravel हाल्ने १५० mm दरमा 453.78 m2 रु.९५३ दरले कुल लम्वाई (१३.५७×४.१८×०.४०) Measurement गरी भुक्तानी भएको देखियो । २० वटा वाटाहरुमा chanage wise loos gravel हालेको detail measument का आधारमा वीलको भुक्तानी गर्नुपर्नेमा सो वेगर L.S. मा सवै बाटाको बराबर Cum देखाइ प्राविधिक मापन गरेको आधारमा रकम भुक्तानी गर्न मिल्लेन नदेखिएको रु. | ४८८६७१.०० |
| १०२. | १००,११९- सुख्खड भजनी सडक १५८० मीटर कालोपत्रेको कार्य निर्माण व्यवसायी श्री निरज कन्ष्ट्रक्सनलाई दोस्रो रनिङ्ग वील सम्म रु.७४३८६९४।- भुक्तानी भएकोमा Formulation of embarnmat including completion with preparation of sub grade by grader भनी अन्तिम वीलमा ९४८०।- sqf को प्रति sqf ७०.२० का दरले रु.६६५४९६।- भुक्तानी भएकोमा नापी कितावको मूल्याङ्कनमा ८६९० Sqm मात्र मापन प्रमाणित भएको देखिएकाले बढी विल अनुसार ७९० Sqm को ७०.२० ले रु.५५४५८।- तथा Provisional items को विमाको रसिद वेगर रु.१०००००।- ल्याव टेष्ट रिपोर्ट तथा विजक वेगर थप भुक्तानी भएको रु.१०००००।- समेत बढी र विजक वेगर भुक्तानी भएको रु.२५५४५८।- को प्रमाण पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रु. | २५५४५८.०० |
| १०३. | ठे.नं. ६७,३०७५।७६ सुख्खड भजनी रोडको कालोपत्रे कार्यको ल.ई. १३४२३३२२।३९ (Vat बाहेक) स्वीकृत भई निर्माण व्यवसायी निरज कन्ष्ट्रक्सन प्रा.ली. सँग रु.७३४०५३६।- (४५.३२ प्रतिशत घटी) | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सम्झौता भएको छ । उक्त योजनाको कालोपत्रे कार्य २०७६।२।२८ मा सम्पन्न गर्नु पर्नेमा ६ महिनाको म्याद आ.व. २०७५।०७६ मै सकिएको, थप म्यादको लागि निवेदन पनि पेश नभएको, कार्यालयबाट निर्माण कार्य सम्पन्न गर्न तरताकेता समेत लगाएको देखिएन । हालसम्म सम्झौता भन्दा रु.९८१५८।- बढी भुक्तानी गई सकेको अवस्थामा योजना विधिवत सम्पन्न भएको देखिएन । सार्वजनिक खरीद ऐन, २०६३ को दफा ५६, नियमावली २०६४ को नियम १२० तथा सम्झौताको GCC 47.1 अनुसार ठेक्का अंकको अधिकतम १० प्रतिशतले हुने रु.७३४०५३।६० असूल गरी म्याद थप गर्ने र बाँकी कार्य सम्पन्न गर्नुपर्दछ रु. | ७३४०५३.६० |
| १०४. | २१२-२०७६।११।१५, नगरपालिकाको नगर प्रोफाइल निर्माणको लागि श्री समाज विकासमा गतिशिलता नामक गैर सरकारी संस्थासँग २०७५।११।२१ मा रु.१९६६७६५।- (भ्याट समेत) भुक्तानी हुने गरी ४ महिना भित्र प्रतिवेदन बुझाउने शर्तमा सम्झौता भएको छ । सम्झौताको Aeticle-8 मा liquidity damage clause मा आर्थिक कार्यविधि नियमावली अनुसार सम्झौता अंकको अधिकतम २० प्रतिशतले ढिलाईमा हर्जना तिर्नुपर्ने पूर्व निर्धारीत क्षतिपूर्तिको व्यवस्था उल्लेख छ । २०७६।५।२० सम्म उक्त प्रोफाइलको प्रतिवेदन तयारी कार्य सम्पन्न गर्नुपर्नेमा २०७६।८।१६ मा म्याद थपको लागि ढिलो गरी निवेदन पेश गरेको देखियो । उक्त निवेदन उपर २०७६।८।१७ को कार्यपालिकाको वैठकबाट २०७६ पौष मसान्त सम्म TOR अनुसारको कार्यमा थप कार्य गर्नुपर्ने व्यहोरा खोली म्याद थप गरेकोमा ToR मा उल्लेखित बाहेकका थप कार्य भए गरेको नदेखिएको, थप भएको समय भित्र समेत कार्य सम्पन्न गर्न नसकेकोले पुःन म्याद थप गर्दा Article-8 अनुसार अधिकतम ठेक्का अंकको १० प्रतिशतले हुने हर्जना रु.१९६६७६।५० असूल गरी म्याद थप गर्ने प्रक्रिया थालनी गर्नु पर्नेमा सो वेगर पुःन २०७६ माघ मसान्त सम्म कार्यपालिकाबाट म्याद थप गरेको देखिएकाले पटक, पटक म्याद थप प्रक्रियाको उठान गर्दा पूर्व निर्धारीत क्षतिपूर्ति असूल गरेर म्याद थपको प्रस्ताव पेश नगर्ने प्राविधिक कर्मचारीलाई जिम्मेवार र जवाफदेही बनाई हर्जना असूल गरी जिन्सीमा आम्दानी बाध्न छुट भएको प्रोफाईल आम्दानी बाँधी अध्यावधिक गर्नुपर्दछ रु. | १९६६७६.५० |
| १०५. | राष्ट्रिय स्तरका प्रकाशनबाट सरकारी सूचना प्रकाशन गर्दा न्यूनतम १५ प्रतिशत छुट दिने प्रकाशन र सूचना विभाग विच भएको सम्झौता अनुसार नगरपालिकाले सूचना प्रकाशनको भुक्तानी दिँदा न्यूनतम छुट सुविधा लिई भुक्तानी गर्नुपर्नेमा निश्चल मिडिया प्रा.ली. मार्फत प्रभाव दैनिक, कान्तिपुर, गोरखापत्रमा बोलपत्र स्वीकृतको आसयको सूचना प्रकाशन गरेको भनी ३४०CC को प्रति colume रु.१६००।- ले विभिन्न ३ वटा विलबाट रु.६१४७२०।- तथा अन्य ७ वटा मिडियाबाट विज्ञापन गरेको भनी रु.७९०५६०।- समेत रु.१४०५२८०।- भुक्तानी भएकोमा नियमानुसार छुट लिएको छैन । लिनुपर्ने छूट नलिई बढी भुक्तानी भएको रु. | २१०७९२ |
| १०६. | **कार्यालय भवन निर्माणः-** नगरपालिकाको प्रशासनिक भवनको स्वीकृत ल.ई. रु.७०५६३४३९।१२ (भ्याट समेत) स्वीकृत भई ४ तल्ले नक्साङ्कन डिजाइन बमोजिम रु.४१६१९६६४।- (32.64 प्रतिशत घटी) कवोल गर्ने Sky-NS-K.D.S. J/V सँग २ वर्ष भित्र सम्पन्न गर्ने सम्झौता भएको छ । २०७६।७।१८ मा सम्झौता भएको उक्त प्रशासनिक भवनसँग सामुदायिक वनको जग्गा सटिएको सो जग्गाको प्रयोगमा विवाद भई पटक पटक भवन निर्माणको कार्य रोकिएर अपेच्छित प्रगति हुन सकेको देखिएन । सम्झौताका वखत ठेकेदारले Work progress Schedule पेश नगरेको, १६ महिना | |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | वितिसक्दा विवादकै कारण ३.५ तल्लाको Structureतयार हुने क्रममा रहेको Finishing लगायतका लिफ्टका संरचना बाँकी रहेको स्थलगत अवलोकनबाट देखियो । Civil work तर्फ रु.४०७८००१५।- Finishing work तर्फ रु.१४६७०८८१।२४, Electrification तर्फ रु.३९४२२२४।२० Sanitation work तर्फ रु.१०९४००८।- सहित ठेक्का स्वीकृत भएको उक्त भवनको हालसम्म पेश्की समेत प्रथम रनिङ्ग विल रु.१५०९३९६०।- (भ्याट, आयकर कट्टी गरेर) भुक्तानी भएको छ । ठेकेदारले सम्झौता सँगै work Schedule पेश नगराएकोले तालिका अनुसार भवन निर्माणको कार्य एकिन हुन सकेन तर भौतिक प्रगति अत्यन्तै न्यून देखिएको, कुल समय ६७ प्रतिशत व्यतित भै सकेको अवस्थामा पालिकाले मासिक १ लाख भाडा खर्च गरी कार्यालय अत्यन्तै साघुरो अवस्थामा सञ्चालन गर्नु परेको अवस्था छ । समयमा भवन निर्माण सम्पन्न हुन सक्ने अवस्था नदेखिएकोले पालिकालाई थप अतिरिक्त खर्च थपिने, भेरीएशन लगायतका थप दायित्व सिर्जना हुन सक्ने सम्भावना बढेर गएको अवस्थाले ठेकेदालाई Revise working progress schedule पेश गर्न लगाई निर्माण कार्यमा तिव्रता दिएर तोकिएको समयभित्र निर्माण कार्य सम्पन्न गरी कार्यालय स्थानान्तरण गर्नुपर्दछ । | |
| १०७. | **बजेट अवण्डा राखी खर्चः-** नगरकार्यपालिकाले नगरसभामा पेश गर्ने वार्षिक कार्यक्रम किटानीका साथ प्राथमिकीकरणका आधारमा पेश गर्ने र विनियोजन ऐन २०७६ अनुसार प्रयाप्त बजेट व्यवस्था गर्नुपर्नेमा नगरपालिकाले भवन निर्माण आन्तर्गत रु.४ करोड आकश्मिक भैपरीमा १ करोड समेत ५ करोड अवण्डा राखी कार्यपालिकाको पटके निर्णयका आधारमा भवन निर्माण तर्फको बजेट पेटी निर्माण, काम्पाउण्ड व्यवस्थापन, घेरावारका लागि सवै वडालाई २० लाखको दरले बाडेको देखियो । साथै आकस्मिक भैपरी आउने तर्फ अवण्डा राखेको रकम ६० वटा योजना पटके निर्णयका आधारमा ग्राभेल, माटो, कालोपत्रे, खाल्टा खुल्टी पूर्ने, हयूमपाईप खरीद लगायतका रु. ५ लाख भन्दा साना प्याकेज बनाई सोझै कोटेशन, उपभोक्ता समुह बाट बजेट खर्च गरी रु.१२२९२२७५।- खर्च लेखेको छ । आकस्मिक भैपरी आउने शिर्षकको बजेट समेत नघाई वढी खर्च लेखेको रकम अनियमित देखिएको रु. | २२९२२७५ |
| १०८. | **नाफामूलक संस्था भवन निर्माण अनुदानः-** ३०९-२०७६।११।७ श्री पहुरा कृषि सहकारी संस्थाको भवन निर्माणका लागि भालुफाटाँ बजारमा सभाहलका लागी आकस्मिक भैपरी आउने शिर्षकको अवण्डा बजेटबाट नगरपालिकाको तर्फबाट रु.१२५००००।- तथा सम्बन्धीत संस्थाले रु.४५०८२७।- समेत व्यहोर्ने गरी उक्त संस्थासँग बजेट तथा कार्यक्रममा नपरेको कार्यको लागि सम्झौता भएको देखियो । उक्त संस्थालाई नगरपालिकाको तर्फबाट अन्तिम रनिङ्ग वीलको मापन मूल्याङ्कन अनुसार रु.१२०३६९८।५६ भुक्तानी भएको छ । नाफामूलक संस्थाको स्थीर सम्पत्ती निर्माणका लागि उत्पादनमूलक अनुदान खर्च गर्नु उपयुक्त होइन । | |
| १०९. | **बर्षान्तमा टुक्रा बनाई सडक मर्मतः-** नगरपालिकाले गतवर्षका बचत रकमबाट यो वर्ष विभिन्न साना सडकमा ग्राभेल, माटो भर्ने कार्य गरेको छ । यस वर्षको पूँजिगत बजेटमा कार्यक्रम समावेश नगरी भैपरी आउने विविध अन्तर्गत सो रकम राखी बजेट खर्च गर्दै आएको छ । स्वीकृत कार्यक्रममा नपरेका सडक मर्मत गर्ने कार्यको वर्षान्तमा छुट्टा छुट्टै टुक्रा पारी रु.५ लाखको सीमा तोकी लागत अनुमानकै हाराहारीमा हाते कोटेशन पेश गर्न लगाई वर्षादको समयमा निम्न सडकमा ग्राभेल भर्ने माटो पटानी कार्य सञ्चालन गरी भुक्तानी दिएको देखियो । | |

| भौ.नं. र मिति | कार्यको विवरण | ठेकेदारको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| ३२८-२०७७।३।२ | पहलमानपुर प्रहरी चौकी-स्कुलसम्म बाटोमा | श्री जय श्री वाराही अजिमा | ३९०५९४।४९ |

कार्यालयको नामः घोडाघोडी नगरपालिका,कैलाली । आ.व. २०७६।७७

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td></td><td>माटो पटानी कार्य</td><td>सप्लायर्स</td><td></td></tr>
<tr><td>३४९-२०७७।३।५</td><td>लोखरी जाने बाटो मर्मत (कल्भर्ट सम्म)</td><td>कावेली कन्ष्ट्रक्सन प्रा.ली.</td><td>३१४८३६</td></tr>
<tr><td>३४८-२०७७।३।४</td><td>हुक्कुचोक देखी भट्टराईको घरसम्मको बाटो मर्मत</td><td>रेखा निर्माण सेवा</td><td>२०२६८४</td></tr>
<tr><td>३५०-२०७७।३।५</td><td>लोखरी जाने बाटो ग्राभेल (कल्भर्ट देखी भगतपुर)</td><td>महाकाली कन्ष्ट्रक्सन</td><td>३१४७३३</td></tr>
<tr><td>३५२-२०७६।३।६</td><td>अम्वासा खेलमैदान देखि सिमलरुख सम्म बाटो ग्राभेल कार्य</td><td>वौरवाहा कन्ष्ट्रक्सन प्रा.ली.</td><td>२०३०२३</td></tr>
<tr><td>४५०-२०७७।३।२५</td><td>जनकपुर देखि तप्ता सडक खाल्टा पुर्ने कार्य</td><td>शिवनन्दा कन्ष्ट्रक्सन</td><td>४८५५१५</td></tr>
<tr><td>४५३-२०७७।३।२५</td><td>सुख्खड भजनी खण्ड सडक खाल्टा पूर्ने कार्य</td><td>चन्द्र सुर्य निर्माण सेवा</td><td>२८९३१६</td></tr>
<tr><td>४९८-२०७७।३।२९</td><td>वार्ड नं. ७ कण्ठेश्वर आ.वि.को घेराबार कार्य</td><td>महखु कन्ष्ट्रक्सन</td><td>३४७३६२</td></tr>
<tr><td>५०६-२०७७।३।३०</td><td>वार्ड नं. ५ जाने बाटो ग्राभेल कार्य</td><td>कलशी निर्माण सेवा</td><td>२४७८७०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२७९५९३३.४९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>११०.</td><td>४९७-२०७७।३।३१, सुख्खड दरख खा.पा. योजना अण्डरग्राउण्ड ट्याङ्की निर्माण कार्यको स्वीकृत लगत अनुमान रु.७१९०३२०।४९ मा अण्डरग्राउण्ड ट्याँकी निर्माणको लागि जिल्ला समन्वय समितिको लगानी ४० लाख, नगरपालिकाको २६ लाख तथा उपभोक्ता समितकिको रु.५९०३२०।४९ हुने गरी उपभोक्ता समिति सँग २०७७।२।१ निर्माण सम्झौता भएको छ । शुरुमा कूल सम्झौता अंकको ३३ प्रतिशत रकम निकासा दिई २०७७।३।२५ मा निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेको उक्त पानी ट्याङ्की वर्षान्तमा प्रथम रनिङ्ग विल पेश भई रु.५५०१०८५।४० भुक्तानी भएको छ । सालवसाली कार्यक्रम भएकोले उक्त योजनाको सार्वजनिक खरीद ऐन, २०६३, नियमावली २०६४ अनुसार म्याद थप हुने अवस्था नरहेको चालु वर्षमा उक्त योजनालाई थप बजेट विनियोजन समेत नगरेको अवस्था देखियो ।<br>निर्माण स्थल नजिकै २२५ घ.मी. को OHT सञ्चालनमा आई पानीको वितरण नियमित भएको देखियो खानेपानी योजनाको तराई क्षेत्रको आयोजनागत Approach मा under ground ट्याङ्की लगायतका संरचना उपयुक्त नहुने देखिएको अवस्थामा विस्तृत अध्ययन प्रतिवेदन समेत नगरी योजना कार्यान्वयनमा आएको हुँदा पानी वितरणमा समस्या हुने निश्चित छ । गलत योजना छनौट एवं कार्यान्वयन गरीएकोमा तोकिएको समयमा सम्पन्न समेत हुन सकेको नदेखिदा सह लगानीमा भुक्तानी भएको Under Ground Tanki निर्माणको खर्च खेर जाने निश्चित देखिएको रु.</td><td>५५०१०८५.४०</td></tr>
<tr><td>१११.</td><td>८९/०७६/७/१८ जिल्ला दररेट अनुसार कार्यालयले तयार गरेको दरविश्लेषण अनुसार ग्यावियन जाली ३*१*१ को रु.१०१३९.७४ र २*१*१ को रु.६८९०.९८ राखी लागत अनुमान तयार गरेको छ । शिवपुर दुन्द्रे नालामा तटवन्ध निर्माण उपभोक्ता समितिबाट गराएकोमा नर्म्स अनुसार ३*१*१ को जालिले ३ घनमिटर र २*१*१ को जालीले २ घनमिटर हुने देखिन्छ । उपभोक्ता समितिले पेश गरेको विल भर्पाइ अनुसार सुदुर पश्चिम मेटल उद्योग प्रा.लिबाट ३*१*१ साईजका ६० पिस र ३*१*०.५ साईजको १४५ पिस जालि खरिद गरेको देखियो । नापी अनुसार कुल ४३६.५ घनमिटर काम भएकोमा विल अनुसार जम्मा ३९७.५ घनमिटर मात्र खरिद गरेकोले प्रति घनमिटर रु.३३८०।का दरले ३९ घनमिटरको रु.१३१८१७.०० कम खरिद भई बढी भुक्तानी गरेकोले बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु.</td><td>१३१८१७.००</td></tr>
<tr><td>११२.</td><td>योजना परिर्वतन : कार्यालयले उपलव्ध गराएको विवरण अनुसार नगरसभाबाट पारित भएका योजना मध्ये ५ वटा योजना परिर्वतन गरी ९ गोटा योजना सञ्चालन गरेको देखियो । योजना परिर्वतन गर्नुपर्नाको कारण</td><td></td></tr>
</table>

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | उल्लेख छैन । नगरसभाबाट पारित भएका योजनाहरु कार्यकारी निर्णयबाट संशोधित गरी खर्च गर्ने परम्परा नियन्त्रण हुनुपर्दछ । | |

| नगरसभाबाट पारित योजना | रकम रु.हजारमा | कार्यकारी निर्णयबाट संशोधित योजना | रकम रु.हजारमा |
|---|---|---|---|
| तिलक वोहराको घरदेखि पश्चिम सुरेश खड्काको घर सम्म माटो पटानी तथा ग्राभेल | ४०० | २ नं.वडा कार्यालय परिसर भित्रको बाटो निर्माण | ६५ |
| करन चिमालाको घर देखि जुगराम चौधरीको घर हुदै उत्तर वडा कार्यालय जाने बाटो | १००० | दिल ब.लामाको घर देखि उत्तर करैचा जाने मूल सडक ग्राभेल | ५०० |
| प्रसुति गृह संचालन तथा व्यवस्थापन | ६०० | पटेना चोक देखि दशरथ चौधरीको घर त्रिवेणी पोखरी सम्म माटो पटानी तथा ग्राभेल | ५०० |
| मर्मत खर्च तथा भैपरी खर्च | ७०० | वडा नं.६ मा रहेका बाटा मर्मत | ४०० |
| श्यामलाल चौधरीको घर देखि विराज आचार्यको घर सम्म पक्की पर्खाल निर्माण | ३०० | बाटो मर्मत | ४३ |
| बालविवाह न्यूनिकरण सम्बन्धि जनचेतना कार्यक्रम | ५० | वडा कार्यालय भवन निर्माण सम्बन्धि मुद्दाको कानुनी परामर्श खर्च | ३३२ |
| सामाजिक कुरिति छाउपडी प्रथा वोक्सी प्रथा विरुद्ध जनचेतना कार्यक्रम | १५० | कार्यालय सञ्चालन तथा व्यवस्थापन | १०० |
| दलित महिलाहरुको नेतृत्व विकासकोलागि तालिम | १५० | होमपाईप खरिद | २२५ |
| महिला तथा अपाङ्ग दिवस | ५० | जन ज्योती मावि स्लेभ कल्भर्ट निर्माण | ३०० |
| जोकाहा टोलमा वोरिङ्ग | २०० | बाटो मर्मत तथा ग्राभेल | ५० |
| चौड्याल मावि नजिक वोरिङ्ग | २०० | बाटो मर्मत तथा ग्राभेल | १५० |
| वडा कार्यालय माथि पिलर निर्माण | १००० | बाटो मर्मत तथा ग्राभेल | १५० |
| भकारो सधार खोर मर्मत ,उन्नत जातको पाठा अति विपन्न परिवारलाई अनुदान | ६०० | गैडाखेडा शहरी स्वास्थ्य चौकी फर्निचर खरिद | ५० |
| विउविजन तथा टनेल घर निर्माण | ४०० | रेखा देवकोटाको घर देखि शंकर डगौराको घर सम्म सडक ग्राभेल | ४०० |
| वजीर कामीको घर पछाडी नदी कटान हुने ठाउँमा पक्की बाल निर्माण | २०० | धुसर चौक देखि चक्र विष्टको घर सम्म सडक ग्राभेल | १००० |
| समैजी आवि घेरवार | २०० | सोमैलाल चौधरीको जग्गा देखि विकास जोशीको घर सम्म जाने भित्रि सडक ग्राभेल | ५५० |
| | | बाखाको पाठा खरिद तथा अनुदान | ५० |
| | | ट्राफिक प्रहरी रिफ्रेस सेन्टर रंगरोगन | १५० |
| | | एम्पुटी फुटवल समाज नेपाललाई अनुदान | १५० |
| | | खोर मर्मत | १०० |
| | | शिव मन्दिर प्राङ्गणमा माटो भरान | २०० |
| | | सव डिभिजन वन कार्यालय साडेपानी गेट निर्माण | १०० |
| | | एम्पुटी फुटवल समाज नेपाललाई अनुदान | १०० |
| **जम्मा** | ६२०० | **जम्मा** | **५६६५** |

| | | |
|---|---|---|
| | **समानीकरण चालुतर्फ** | |
| ११३. | **वैठक भत्ताः** कार्यालयले गठन गरेका विषयगत समितीहरुले विभिन्न समयमा वसेको वैठक भत्ता लिएको | |

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>देखियो । कार्यसञ्चालन निर्देशिका २०७५ को दफा ७.१.१ मा वैठक भत्ताको मापदण्ड सन्दर्भमा एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र वस्ने वैठकमा भत्ता प्रदान नगर्ने व्यवस्था छ । निर्देशिकाको व्यवस्था विपरित खर्च लेखेको यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।<br>
<table>
<tr><th>गो भौ न।मिती</th><th>वैठक विवरण</th><th>भत्ता रकम</th><th>खुद भत्ता रकम</th></tr>
<tr><td>१८।२०७६।५।२७</td><td>खरिद ईकाई ।शिलवन्दी मूल्याकँन</td><td>१०६५००</td><td>९०५२५</td></tr>
<tr><td>२३।२०७६।५।३०</td><td>खरिद ईकाई।दरभाउपत्र मूल्याँकन</td><td>२५८०००</td><td>२१९३००</td></tr>
<tr><td>६४।२०७६।६।९</td><td>अपाङ्गता परिचयपत्र वितरण समिती</td><td>७२०००</td><td>६१२००</td></tr>
